# वार्षिक नगर विकास योजना, २०७८

# आ. व. २०७८/७९

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

# मन्तव्य



आम भीरकोट नगरबासीका लागि सार्वजनिक निर्माण, वस्तु, सेवा तथा सुविधा उपलब्ध गराउने जिम्मेवारी रहेको संबैधानिक प्रावधानका  आधारमा गठित भीरकोट नगरपालिकाद्वारा आर्थिक वर्ष २०७८/७९ मा उपलब्ध गराउने निर्माण, सेवा र सुविधा सहितको योजना, कार्यक्रम, नीति र बजेट समाविष्ट भीरकोटको संक्षिप्त परिचय समेत दिने गरी तयार पारीएको पुस्तक **"वार्षिक नगर विकास योजना, २०७८"** प्रकाशन हुन लागेकोमा मलाई खुशी लागेको छ । सीमित साधन श्रोत, असीमित आवश्यकता र चाहनाका वीच श्रोत, साधन र क्षमतालाई मितव्ययी र पारदर्शि रुपमा कार्य सम्पादन गर्ने उद्देश्य सहित राय, सुझाव र परामर्शलाई आधारमानी गाउँवस्तीस्तरबाट प्रस्तावित प्राथमिकताका आधारमा चालू वर्षका लक्षित योजनाले सवै समस्यालाई समाधान गर्न सकिएको छैन तर लक्षित वजेट र कार्य क्षमता सहि सदुपयोग हुन सकेमा अवस्य समस्यामा कमि आउने विश्वास मैले लिएको छु ।

स्थानीय तहको योजना तर्जुमा प्रक्रिया सहित विकासका गतिविधी तथा भीरकोटको समग्र पक्षको संक्षिप्त जानकारी एवं विकास कार्यक्रमबारे आम सरोकारवाला नागरिकलाई सुसुचित गराउने कार्यमा प्रस्तुत पुस्तक उपयोगी हुने विश्वास मैले लिएको छु । सहभागितामूलक विकास विना दिगो विकास हुन सक्दैन भने सम्वृद्धि एवं विकास कार्यमा स्थानीय समुदाय एवं आम नागरिकको सहयोग र समन्वय रहनुपर्दछ । उहाँहरूको योगदान विना नगरपालिकाका उल्लिखित लक्ष्य एवं कार्यक्रमले सार्थकता प्राप्त गर्न नसक्ने भएकोले भीरकोट नगरपालिकावाट स्वीकृत नीति तथा कार्ययक्रमको कार्यान्वयनमा आम भीरकोट नगरवासीहरूको सहयोग, समन्वय र आवश्यक राय, सल्लाह र सुझाव समेत प्राप्त हुनेछ भन्ने आशा र विश्वास लिएको छु ।

छिटो छरितो स्तरीय र भरपर्दो सेवा प्राप्त गर्ने नागरिकको अधिकारलाई सूनिश्चित गर्न नागरिक समाजलाई समेत जिम्मेवार बनाई सरकारी सेवा र सुविधामा सबैको पहुँच सुनिश्चित गर्दै नगरपालिकाबाट उपलब्ध गराउने सेवा र सुविधा गाउँ-गाउँ र टोल-टोल सम्म पुऱ्याउने प्रयास गरिएको छ । अन्त्यमा, यो **वार्षिक नगर विकास योजना, २०७८** पुस्तक तयार पार्ने कार्यमा सहयोग गर्ने सम्पूर्ण निर्वाचित पदाधिकारी तथा कर्मचारी मित्रहरू प्रति आभार प्रकट गर्न चाहन्छु ।

**छायाराम खनाल**
**नगर प्रमुख**
**भीरकोट नगरपालिका**



# मन्तव्य

श्रोत तथा साधनको सीमितताको वावजुद पनि स्थानीय नगरवासीहरूको असीमित इच्छा र आकांक्षा पुरा गर्नुपर्ने अवस्थामा यस नगरपालिका रहेको छ । यस्तो अवस्थामा सूचना तथा तथ्याङ्कमा आधारीत भएर श्रोतनक्सा बमोजिम आयोजना तथा कार्यक्रमको छनौट एवं प्राथमिकता तोकिनुपर्ने हुन्छ, जुन ज्यादै चुनौतीपूर्ण कार्यका रुपमा रहेको छ । यसै तथ्यलाई मध्यनजर गरी सबै सरोकारवाला तथा उपभोक्ता समक्ष नगरपालिकाको योजना, नीति तथा बजेट र कार्यक्रम पुऱ्याउँदा यसको कार्यान्वयन पक्ष थप प्रभावकारी हुने देखी भीरकोट नगरपालिकाले यस **वार्षिक नगर विकास योजना, २०७८** पुस्तक प्रकाशन गर्न लागेकोमा गौरवान्वित महशुस गरेको छु ।

यस पुस्तकमा प्रस्तुत गरिएका सूचना, जानकारी, नीति, योजना र कार्यक्रमले नागरिकहरूलाई सू-सूचित हुन महत्वपुर्ण योगदान पुग्ने आशा मैले लिएको छु ।

अन्त्यमा, पुस्तक तयार गर्ने कार्यको लागि खटिनुहुने सबै कर्मचारी एवं राष्ट्रसेवक साथीहरूलाई म विषेश धन्यवाद दिँदै आगामी दिनहरूमा पनि यस्ता सृजनात्मक क्रियाकलापहरूले निरन्तरता पाउन भन्ने शुभकामना दिन चाहान्छु । प्रस्तुत पुस्तकलाई आगामी दिनमा अझै परिस्कृत र परिमार्जित रुपमा प्रकाशन गर्नका लागि सम्बन्धित सरोकारवालाहरूसंग म आवश्यक सुझाब र सल्लाहको पनि अपेक्षा गर्दछु ।

**सिमा के.सी. कर्माचार्य**
**नगर उप-प्रमुख**
**भीरकोट नगरपालिका**

# मन्तव्य



शासकीय स्वायत्तताको चाहना र पहिचानको भोकको उपचारको रूपमा नेपालमा सङ्घीय शासन प्रणालीको अबलम्बन गरिएको हो । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन समेत गर्ने विषय संविधानबाटै सुनिश्चित भएको छ । यसरी हेर्दा तीनै तहका सरकारहरू संविधानमै सूचीवद्ध गरिएका एकल अधिकारको प्रयोगका लागि कानून निर्माण र कार्यान्वयनमा स्वतन्त्र छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारले आफ्नो अधिकारक्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्ने व्यवस्था गरेको छ । उल्लिखित योजनाहरूले लिएका लक्ष्यहरूलाई स्रोत साधनसंग तालमेल गरी प्राथमिकताका साथ स्रोत विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ । राज्यका तर्फबाट आमनागरिकलाई पुऱ्याउनु पर्ने सेवा तथा सुविधाहरू नागरिकको सबैभन्दा नजिकको केन्द्रबाट सर्वसुलभ रुपमा उपलब्ध गराउने उद्देश्यका साथ स्थानीय सरकारको गठन भएकोले जनअपेक्षा अनुसार विकास र सेवा प्रवाह मार्फत नागरिक सन्तुष्टी अभिवृद्धि गर्नेतर्फ भीरकोट नगरपालिका केन्द्रित छ । यही सिलसिलामा भीरकोट नगरपालिकाको आवश्यकता र नगरवासीका ईच्छा तथा आकांक्षा बमोजिम उपलब्ध सीमित श्रोत तथा साधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा परिचालन गरी निर्दिष्ट लक्ष्य हाँसिल गर्नु पर्ने दायित्व नगरपालिकामा रहेको छ । यसै दायित्वलाई आत्मसात गर्दै नगरपालिकाको आठौं नगरसभाबाट पारित आर्थिक वर्ष २०७८/७९ मा नगरपालिकाबाट सञ्चालन हुने गतिविधिहरूको विषयमा आम नगरवासीहरूको जानकारीका लागि नगरपालिकाले **वार्षिक नगर विकास योजना, २०७८** प्रकाशन गर्न गईरहेको छ । आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन हुने क्रियाकलापहरू समेटिएको पुस्तक प्रकाशन गरी सम्पूर्ण भीरकोटबासीलाई जानकारी गराउन पाउँदा हामीलाई अत्यन्तै खुशी लागेको छ ।

भीरकोट नगरपालिकाको वार्षिक नगर विकास योजना सम्बन्धी यस पुस्तकको प्रकाशनका लागि उत्प्रेरित गर्नुहुने नगर प्रमुख, उपप्रमुख तथा सम्पूर्ण निर्वाचित पदाधिकारीहरू एवम् पुस्तक प्रकाशनमा सहयोग गर्ने सम्पूर्ण कर्मचारी मित्रहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । अन्त्यमा, यस पुस्तकमा रहेका कमी कमजोरीहरू सम्बन्धमा सम्पूर्ण पाठक बर्ग र भीरकोटवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरूबाट रचनात्मक सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछु ।

धन्यवाद !

**खुमलाल भुसाल**
**प्रमुख प्रशासकीय अधिकृत**
**भीरकोट नगरपालिका**

# विषयसूची

**परिच्छेद-१ : नगर परिचय** ........ 1

**परिच्छेद-२ : आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम** ........ 8

**परिच्छेद-३ : आर्थिक वर्ष २०७८/७९ को बजेट बक्तव्य** ........ 24

**परिच्छेद-४ : नगर सभाबाट आर्थिक वर्ष २०७८/७९ को लागि स्वीकृत योजना तथा कार्यक्रमहरू** ........ 39

नगरस्तरीय योजना तथा कार्यक्रमहरू ........ 39

वडास्तरीय योजना तथा कार्यक्रमहरू ........ 42

शशर्त अनुदानतर्फका योजना तथा कार्यक्रमहरू ........ 47

समपूरक तथा विशेष अनुदानतर्फका योजना तथा कार्यक्रमहरू ........ 66

भीरकोट नगरपालिकामा आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशबाट संचालन हुने योजना तथा कार्यक्रमहरू 67

गण्डकी प्रदेश सरकार र संघीय सरकारसमक्ष सिफारिस गर्ने योजना तथा कार्यक्रमको विवरण ........ 69

**परिच्छेद-५ : विविध** ........ 72

आठौं नगरसभाको उपस्थिति र निर्णयहरू ........ 72

भीरकोट नगरपालिकाको आर्थिक ऐन, २०७८ ........ 79

भीरकोट नगरपालिकाको विनियोजन ऐन, २०७८ ........ 117

भीरकोट नगरपालिकाका निर्वाचित पदाधिकारीहरू ........ 119

भीरकोट नगरपालिकामा कार्यरत कर्मचारीहरू ........ 121

# परित्छेद-१ : नगर परिचय

गण्डकी प्रदेश स्याङ्गजा जिल्ला अन्तर्गत पर्ने एक पहाडी भेगमा अवस्थित भीरकोट नगरपालिका। सदरमुकाम बयरघारी समुन्द्रिक सतहबाट करीब ७३० मिटर उचाइमा रहेको छ । यसको न्यूनतम उचाइमा रहेको छाङ्गछाङ्गदी फाँट समुद्री सतहबाट करीब ७१३ मिटर रहेको र अग्लो भु-भागका रुपमा वडा नं ९ स्थित नारायणगिरी मन्दिर तथा वडा नं ८ नगरपालिकाको पुर्वमा विरुवा गाउँपालिका र पुतलीबजार नगरपालिका, पश्चिममा पर्वत जिल्ला, उत्तरमा अर्जुनचौपारी गाउँपालिका र पुतलीबजार नगरपालिका तथा दक्षिणमा वालिङ्ग नगरपालिकालसँग सिमाना जोडिएको छ ।

मध्यकालिन आँधिखोलाको सभ्यताभित्र भीरकोट राज्यको स्थापना विक्रम संम्बत १४७५ देखि १५०० को बीचमा भएको थियो । स्याङ्गजाको इतिहासमा नुवाकोट, सतहुँकोट गह्रौंकोटमध्ये भीरकोटलाई प्राचिन ऐतिहासिक किल्ला र कोट मानिएको पाइन्छ ।उहिले आँधिखोलादेखि पश्चिम खिलुङ्ग भन्ने स्थानलाई जैन खाँनले बस्ती बसालेका र त्यसैको निकट भीरकोट शीतल हावाचल्ने ठाँउमा घर, मन्दिर, निर्माण गरी कोटघरको रचनाका साथ ठकुराईहरूले राज्य चलाएको पाइन्छ ।

डा. बम बहादुर अधिकारीद्धारा लिखित बाइसे तथा चौबीसे राज्यहरूको संक्षिप्त इतिहास नामक पुस्तकमा उल्लेख भए अनुसार राणाकालको पश्चिम ४ नंम्बर भीरकोट ईलाका पैयुकोट, सर्दीखोला, सेतीखोला, बाडखोला, दह्रौखोला, मिर्दीखोला, बायखोला, च्याङ्गदीखोला, करादीखोला, अर्मादीखोला, लुब्दीखोला, फेदीखोला आदी सबै खोला आँधिखोलामा मिसिने भएकाले यी सबै क्षेत्रको समष्टिगत नाम आँधिखोला रहेको र पूर्वमध्यकालमा जैन खानका छोरा सूर्य खानले भीरकोट राज्यको स्थापना गरेको पाइन्छ भने यसै नगरपालिकाको वडा नंम्बर १ को जगतपुरमा भीरकोटे राजाहरूले शासन गरेको दरबार हालसम्म पनि रहेको छ। भीरकोट राज्यको साविकको इतिहास र भीरकोटे राजाहरूले शासन गरेको दरबार हालसम्म पनि यसै नगरपालिका भित्र रहेकोले यस नगरपालिकाको नामाकरण तथा गठन सोही दरवारको नामका आधारमा रहेको र यस नगरपालिकाको गठन २०७२/०६/०१ गते भएको हो ।

यस नगरपालिकाको उत्तरमा अवस्थित शंखपुर भीरकोट नगरपालिका वडा नंम्बर-१, देखि दक्षिणमा भीरकोट नगरपालिका वडा नंम्बर ४ को खत्रीखोलासम्म तथा पूर्व तर्फ भीरकोट नगरपालिका वडा नंम्बर-३ को भुरुङ्गखोला देखी पश्चिम तर्फ भीरकोट नगरपालिका वडा नंम्बर ९ को कालिकाकोट पर्वत जिल्लाको सिमान सम्म फैलिएको छ ।

यस नगरपालिकाको कुल जनसंख्या २०६८ को जन गणना अनसुसार २५,५८३ मध्ये महिलाहरूको १४,५९९ र पुरुषको संख्या १०,९८४ रहेको छ । कुल जनसंख्याको ७८.०४ प्रतिशत जनसंख्या साक्षरता मध्ये महिलाको ६९.८० र पुरुष ८६.२८ प्रतिशत साक्षर रहेका छ ।

यस नगरपालिकाको कुल क्षेत्रफल ७८.२३ वर्ग किलोमिटर रहेको छ । साथै साविकका ७ वटा गाउँ विकास समितिहरू मिलाएर भीरकोट नगरपालिका गठन गरिएकोमा समग्र हालका वडाहरूको गठन देहाय बमोजिम रहेको छ ।

देहायः-

| सि.न. | साविकका गा.वि.स. | साविकका वडाहरू | हालको भीरकोट नगरपालिकामा कायम भएका वडाहरू |
|---|---|---|---|
| १ | दार्सिङ्ग दहथुम | १,२,३ र ५ | भीरकोट नगरपालिका वडा नं-१ |
| २ | दार्सिङ्ग दहथुम | ४,६,७,८ र ९ | भीरकोट नगरपालिका वडा नं २ |
| ३ | बानेथोक देउराली | १ देखी ९ सम्म | भीरकोट नगरपालिका वडा नं-३ |
| ४ | छाङ्गछाङ्गदी | २,३,७,८ र ९ | भीरकोट नगरपालिका वडा नं-४ |
| ५ | स्वरेक | १,५,६,७ र ९ | भीरकोट नगरपालिका वडा नं-५ |
| ६ | खिलुङ्ग देउराली | ३,५,७ र ८ | भीरकोट नगरपालिका वडा नं-६ |
| ७ | खिलुङ्ग देउराली | १,२,४,६ र ९ | भीरकोट नगरपालिका वडा नं-७ |
| ८ | ढापुक सिमलभञ्याङ्ग | १ देखी ९ सम्म | भीरकोट नगरपालिका वडा नं-८ |
| ९ | कालिकाकोट | ३,४,५,६,७ र ८ | भीरकोट नगरपालिका वडा नं-९ |

यस नगरपालिकामा रहेको पक्की सडक मध्ये ९.१७ किलोमिटर सडक सिद्धार्थ राजमार्ग खण्डको रहेको र १.५ किलोमिटर सडक नगरपालिका मार्फत निर्माण भई नगरपालिका अन्तर्गत कुल १०.६७ किलोमिटर सडक पक्की रहेको छ । यसै गरी बयरघारी-हुवास खण्डको २३ किलोमिटर सडक मध्ये ५ किलोमिटर पक्की सडक नेपाल सरकारबाट निर्माणाधिन रहेको छ भने, बयरघारी-बानेथोक खण्डको २३.५ किलोमिटर कच्ची सडकलाई पक्की बनाउन नेपाल सरकारबाट बजेट विनियोजन भएको छ । त्यसै गरी बयरघारी-ढापुक फेदी हुदैं पर्वत भोर्ले सम्म २० किलोमिटर कच्ची सडक निर्माण भई संचालन हुदै आएको छ।

पक्की पुल तर्फ आँधिखोलामा २ वटा पक्की मोटरेवल पुल, खाँदीखोलामा पक्की पुल १, लुब्दिखोला २ वटा पक्की पुल र गोदीखोलामा १ समेत गरी जम्मा ६ वटा पक्की पुल रहेका छन।

यस नगरपालिका भित्र खेती योग्य ठुला फाँटका रुपमा बयरघारी, छाङ्गछाङ्गदी, पकान, सिमलचौर र मर्तवास रहेका छन् भने ती फाँटहरूको प्रमुख सिंचाईको मूल श्रोतको रुपमा आँधिखोला रहेको छ ।

पर्यटन विकासको प्रचुर संभावना बोकेको यस नगरपालिकाभित्रका प्रमुख पर्यटकिय स्थलहरू मध्ये प्यारागलाईडिङ्गका लागि स्वरेक मैदान, पवित्र धार्मिक स्थलका रुपमा छाङ्गछाङ्गदी छायाँक्षेत्र मन्दिर त्यस्तै गरी घरबास पर्यटनका लागि वडा नं. ७ को खिलुङ्ग, वडा नं. ८ को ओकादी र वडा नं. २ को केघाभञ्याङ्ग प्रमुख संभावना रहेका स्थानहरू रहेका छन् भने मुल्का वराह, खिलुङ्ग कालिका, स्वरेक भैरव कालीका, भवानीथुम, बानेथोक देउराली, केघा देउराली, गडहरे गुफा, सिर्कोट कालिका, नारायणगिरी मन्दिर, दफुर्का वन, सुन्दरचौर बनस्पति सुचना केन्द्र लगायतका स्थलहरू पर्यटकीय आकर्षणका केन्द्रको रुपमा रहेका छन्।

यस नगरपालिकामा उत्पादित प्रमुख नगदे वालीहरूमा अदुवा, केरा, सुन्तला र कफी एवं अम्रिसो खेतीका प्रमुख नगदे वालिका रुपमा रहेका छन् भने कोदो, मकै, गहूँ र धान प्रमुख खाद्यन्न वालिका रुपमा रहेका छन् ।त्यसै गरी जडीवुटीका रुपमा गिठो, भ्याकुर, तरुल, सखरखण्ड, लालीगुँरास, सुनगाभा लगायतका जडीवुटीहरूको सम्भावना रहेको छ । नेपाल सरकारको मिति २०७२/०६/०१ गतेको निर्णयानुसार गठन भएको यस नगरपालिकामा ६०८५ परिवार संख्यामा २५५८३ जना मानिसहरू अक्सर बसोवास गर्ने यस नगरपालिकाको जनसांख्यिक विवरण देहाय बमोजिम रहेको छ ।

**बि. सं. २०६८ मा सम्पन्न जनगणना अनुसार भीरकोट नगरपालिकाको जनसांख्यिक विवरणः**

| साविक गाविस | साविक वडा नं. | हालको वडा | पुरुष | महिला | जम्मा | परिवार मूली | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुरुष | महिला | जम्मा |
| दहथुम | १,२,३,५ | १ | १५३९ | २११० | ३६४९ | ४१३ | ५४८ | ९६१ |
| दहथुम | ४,६,७,८,९ | २ | १३०७ | १६४२ | २९४९ | ४२० | २९१ | ७११ |
| बानेथोक | १ देखि ९ | ३ | १५१३ | २०३३ | ३५४६ | ४८४ | ३८० | ८६४ |
| छाङ्छाङ्दी | २,३,७,८,९ | ४ | ६२७ | ७५५ | १३८२ | १९० | १३२ | ३२२ |
| स्वरेक | १,५,६,७,९ | ५ | १२६५ | १८६५ | ३१३० | ३९३ | ३२७ | ७२० |
| खिलुङ | ३,५,७,८ | ६ | ९१६ | ११९८ | २११४ | २८२ | २४४ | ५२६ |
| खिलुङ | १,२,४,६,९ | ७ | ९६२ | १२४८ | २२१० | ३१३ | २१२ | ५२५ |
| ढापुक | १ देखि ९ | ८ | १५६८ | २०९८ | ३६६६ | ४९० | ३४५ | ८३५ |
| कालिकाकोट | ३,४,५,६,७,८ | ९ | १२८७ | १६५० | २९३७ | ३८० | २४१ | ६२१ |
| **जम्मा** | | | **१०९८४** | **१४५९९** | **२५५८३** | **३३६५** | **२७२०** | **६०८५** |

**बि.सं. २०६८ मा सम्पन्न जनगणना अनुसार भीरकोट नगरपालिकामा रहेका विभिन्न जातजातीहरूको जनसांख्यिक विवरणः**

| क्र.स. | जाती | जम्मा जनसंख्या | जम्मा पुरुष | जम्मा महिला | क्र.स. | जाती | जम्मा जनसंख्या | जम्मा पुरुष | जम्मा महिला |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | ६७४८ | २८०४ | ३९४४ | १० | सार्की | २१९१ | ९४७ | १२४४ |
| २ | ब्राहमण | ६८३२ | २९४० | ३८९२ | ११ | घर्ती भुजेल | ३८१ | १८३ | १९८ |
| ३ | मगर | ३४१४ | १४६० | १९५४ | १२ | माझी | ३०९ | १५४ | १५५ |
| ४ | थारु | १२ | ५ | ७ | १३ | गाइने | ३६ | १३ | २३ |
| ५ | नेवार | १०५५ | ४६२ | ५९३ | १४ | खवास | १२६ | ४७ | ७९ |
| ६ | कामी | २१४२ | ९४५ | ११९७ | १५ | मुसल्मान | ४७४ | २०० | २७४ |
| ७ | गुरुङ्ग | ४२४७ | १८७० | २३७७ | १६ | सन्यासी/दसनामी | ४५९ | १८६ | २७३ |
| ८ | दमाई | ८४३ | ३८० | ४६३ | १७ | तराई अन्य | १५ | ७ | ८ |
| ९ | ठकुरी | १०२५ | ४२६ | ५९९ | १८ | अन्य | ७९ | ३२ | ४७ |

## भीरकोट नगरपालिकामा रहेका विद्यालयहरूको विवरणः

| क्र.स | विद्यालयको नाम | ठेगाना | प्र अ को नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | लक्ष्मी आ.वि. | भीरकोट- | गंगाघर शर्मा गौतम | ९८४६०५२२७६ |
| २ | रानीरह आ.वि. | भीरकोट-१ | लक्ष्मी के.सी | ९८४६०९५४९८ |
| ३ | बालज्योति आ.मा.वि. | भीरकोट-१ | रेशम प्रसाद देवकोटा | ९८६६४४९९८१ |
| ४ | कनसाइन्स आ.मा.वि. | भीरकोट-१ | जीवन अर्याल | ९८५६०१५५०० |
| ५ | दहथुम मा.वि. | भीरकोट-२ | वेद प्रसाद अर्याल | ९८५६०५५६९५ |
| ६ | दीपज्योति आ.वि. | भीरकोट-२ | रामप्रसाद शर्मा | ९८४०७२२४८१ |
| ७ | ध्रुवदेउराली आ.वि. | भीरकोट-२ | नुममाया काफ्ले | ९८४६४६९८४७ |
| ८ | पूर्ण दुर्गा भवानी | भीरकोट-२ | धनराज जोशी | ९८४६२२६९७ |
| ९ | बुद्ध आ.मा.वि. | भीरकोट-२ | झण्ड बहादुर राना | ९८४६५०३२६२ |
| १० | भू.पु. आ.मा.वि. | भीरकोट-२ | खेमप्रसाद भट्टराई | ९८४१८९७८५० |
| ११ | कालिका आ.वि. क | भीरकोट-३ | लालुमाया राना | ९८४६२४०६२६ |
| १२ | जनज्योति आ.वि. क | भीरकोट-३ | विष्णुवीर वि.क. | ९८४६६५४७८९ |
| १३ | जनविकास आ.वि. | भीरकोट-३ | दलबहादुर खत्री | ९८४६२३८५७६ |
| १४ | बटुक भैरब आ.वि. | भीरकोट-३ | ठग बहादुर गुरुङ्ग | ९८४६१५६९७७ |
| १५ | महालक्ष्मी आ.वि. | भीरकोट-३ | खेम नारायण काफ्ले | ९८४६२३०८११ |
| १६ | शहिदशुक्र मा.वि. | भीरकोट-३ | चोलाकान्त काफ्ले | ९८४६३१००८४ |
| १७ | बास्तारा भू.पु. | भीरकोट-३ | टीका मास्की | ९८४६१५९०३८ |
| १८ | दभुङ्ग ठाटी मा.वि. | भीरकोट-४ | पदम राज रेग्मी | ९८५६०५५१४७ |
| १९ | गडीभञ्याङ्ग आ.वि. | भीरकोट-५ | सरला वि.क | ९८१७१६७१०८ |
| २० | जनप्रिय मा.वि | भीरकोट-५ | राजेन्द्र कुमार खाँण | ९८४६०५२००८ |
| २१ | तिलाहारनेटा आ.वि | भीरकोट-५ | कृष्णप्रसाद खनाल | ९८४६१५९०५८ |
| २२ | राजेन्द्र भवानी मा.वि. | भीरकोट-५ | गिरी प्रसाद शर्मा | ९८४६०४५५८७ |
| २३ | जनसेवा आ.वि. | भीरकोट-६ | गंगा थापा | ९८६४३७२०६० |
| २४ | भाग्योदय मा.वि. | भीरकोट-६ | रेशमलाल खनाल | ९८४६०७३०९८ |
| २५ | लुब्दीखोला आ.वि. | भीरकोट-६ | निर्मला ढकाल अर्याल | ९८४६११०९८० |
| २६ | बालोदय आ.मा.वि. | भीरकोट-६ | अमृत अर्याल | ९८४६०४३८३८ |
| २७ | कालिका आ.वि. ख | भीरकोट-७ | सोवित बहादुर गोदार | ९८४६२०६२५० |
| २८ | जन ज्योती आ.वि. ख | भीरकोट-७ | सुर्य बहादुर के.सी | ९८४६१९९१९५ |
| २९ | बाघभैरबी आ.वि | भीरकोट-७ | देवप्रसाद अर्याल | ९८४६०७२२४१ |
| ३० | बालबर्ष आ.वि. | भीरकोट-७ | मेघनाथ पौडेल | ९८४६१०८७३० |
| ३१ | महेन्द्र ज्योती मा.वि | भीरकोट-७ | गोविन्द अर्याल | ९८४६०७१३८४ |
| ३२ | अमर आ.वि | भीरकोट-८ | भीमलाल खनाल | ९८४६०७८३३० |
| ३३ | देउराली भञ्याङ्ग आ.वि. | भीरकोट-८ | हुमबहादुर गुरुङ्ग | ९८५६०५००९८ |
| ३४ | पब्लिक एकेडेमी मा.वि | भीरकोट-८ | देवकी रेग्मी | ९८४६०७०६४९ |

| | | | | |
|---|---|---|---|---|
| ३५ | प्रगतिशिल आ.वि. | भीरकोट-८ | लिला प्रसाद रेग्मी | ९८४६०९४७६३ |
| ३६ | भवानी आ.वि. | भीरकोट-८ | तेजकुमारी खनाल | ९८४६११२०६७ |
| ३७ | रत्न देवीस्थान आ.वि. | भीरकोट-८ | किशोर रेग्मी | ९८४६११६६८६ |
| ३८ | सरस्वती आ.वि. | भीरकोट-८ | दुर्गबहादुर श्रेष्ठ | ९८४५१२९१६५ |
| ३९ | सितलचौर आ.वि. | भीरकोट-८ | टौमाया गुरुङ्ग | |
| ४० | सिरुखर्क जोगिस्थान मा.वि. | भीरकोट-८ | तोलाकान्त चापागाई | ९८४६२९४१४६ |
| ४१ | सूर्यमूखि आ.वि. | भीरकोट-८ | पार्वती खनाल | ९८५६०५५६०८ |
| ४२ | ठुलीभञ्ज्याङ्ग मा.वि | भीरकोट-९ | ठक प्रसाद अधिकारी | ९८४६३५७८८८ |
| ४३ | पिपलडाँडा मा.वि. | भीरकोट-९ | रोमाकान्त न्यौपाने | ९८४६१५९९९९ |
| ४४ | भविष्य निर्माण आ.वि. | भीरकोट-९ | भिम माया गुरुङ्ग | ९८१६६०५६४२ |
| ४५ | सिरकोट मा.वि. | भीरकोट-९ | राजेन्द्र राना | ९८१७१८२२०१ |

### भीरकोट नगरपालिकामा रहेका बैंक तथा वित्तीय संस्थाहरू

| क्र.सं. | संस्थाको नाम | वडा नं. |
|---|---|---|
| १ | मेगा बैंक नेपाल लिमिटेड | १ |
| २ | गरिमा विकास बैंक | १ |
| ३ | मुक्तिनाथ विकास बैंक | २ |
| ४ | पश्चिमाञ्चल ग्रामिण विकास बैंक | १ |
| ५ | नेपाल ग्रामिण विकास बैंक लि. | १ |
| ६ | आँधिखोला बचत तथा ऋण सहकारी संस्था लि. | १ |
| ७ | शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | १ |
| ८ | माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. | ३ |
| ९ | माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. | ६ |
| १० | आँधिखोला लघुवित्त वित्तिय सहकारी संस्था लि. | १ |
| ११ | सबल पशुपालन सहकारी संस्था लि. | २ |
| १२ | साना किसान सहकारी संस्था लि. | २ |
| १३ | ग्रामिण कृषि सहकारी संस्था लि. | २ |
| १४ | कृषि उपज बजार सहकारी संस्था लि. | ४ |
| १५ | नयाँ कृषि अभियान कृषि सहकारी संस्था लि. | १ |
| १६ | नव सिर्जना कृषि  सहकारी संस्था लि. | ५ |
| १७ | त्रिलक्ष्मी वचत ऋण सहकारी संस्था लि. | ६ |
| १८ | सल्लाघारी वचत ऋण सहकारी संस्था लि. | ६ |
| १९ | कालिका बचत तथा ऋण सहकारी संस्था लि. | १ |
| २० | कालिका बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| २१ | ढापुक वहुद्देश्यीय सहकारी संस्था लिमिटेड | ८ |
| २२ | राधाकृष्ण महिला जागृति वहुद्देश्यीय सहकारी संस्था लि | ८ |
| २३ | त्रिलक्ष्मी सहकारी संस्था लि. | ६ |
| २४ | छायाँ क्षेत्र बचत तथा ऋण सहकारी संस्था लि. | ४ |
| २५ | महिला जागरण बहुउद्देश्यीय सहकारी संस्था लि. | ५ |
| २६ | जनशक्ति कफि सहकारी संस्था लि. | ५ |
| २७ | नव विहानी कृषि सहकारी संस्था लि. | ५ |
| २८ | लुब्दिखोला कृषि सहकारी संस्था लि. | ६ |
| २९ | उर्वर कषि सहकारी संस्था लिं | ३ |
| ३० | लेकवेशी साना किसान सहकारी संस्था लि. | ९ |
| ३१ | दहथुम वहुउद्देश्यीय सहकारी संस्था लि. | १ |
| ३२ | स्वाभिमान माइक्रोफाइनान्स लि | २ |

## भीरकोट नगरपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरू

| सि.न. | स्थलहरू | वडा नं. | सि.न. | स्थलहरू | वडा नं. |
|---|---|---|---|---|---|
| १ | भीरकोट दरबार | १ | ९ | दभुङ्गकालिका मन्दिर | ४ |
| २ | खिलुङ्ग कालिका मन्दिर | ७ | १० | स्वरेक कालिका मन्दिर राजेन्द्र भवानी | ५ |
| ३ | सुन्दरचौर बनस्पति सूचना केन्द्र | ६ | ११ | भीरकोट कालिका | ७ |
| ४ | स्वरेक मैदान प्याराग्लाईडिङ स्थल | ५ | १२ | खिलुङ्ग गाउँ, केघा भन्ज्याङ्ग र ओकादी | ७/८/२ |
| ५ | छाङ्छाङ्दी छायाँक्षेत्र मन्दिर | ४ | १३ | नारायण गिरी बाबा मन्दिर | ९ |
| ६ | मुल्का वराह मन्दिर | ३ | १४ | सिर्कोट कालिका | ८ |
| ७ | गडहरे गुफा | ५/८ | १५ | केघा देउराली | १/२ |
| ८ | देउपुजे ढुंगो |  | १६ | कोखे छहरा | ३ |

## भीरकोट नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरू

| क.स. | स्वास्थ्य सेवा केन्द्र | ठेगाना |
|---|---|---|
| १ | भीरकोट नगर अस्पताल | हेलु |
| २ | खिलुङ्ग देउराली स्वास्थ्य चौकी | भण्डारखोला |
| ३ | बानेथोक देउराली स्वास्थ्य चौकी | वानेथोक |
| ४ | कालिकाकोट स्वास्थ्य चौकी | कालिकाकोट |
| ५ | छाङ्छाङ्दी स्वास्थ्य चौकी | छाङ्छाङ्दी |
| ६ | दार्सिङ्ग दहथुम स्वास्थ्य चौकी | जगतपूर |
| ७ | ढापुक सिमलभन्ज्याङ्ग स्वास्थ्य चौकी | ढापुक |
| ८ | आयूर्वेदिक औषधालय | मुलपानी |
| ९ | सहरी स्वास्थ्य सेवा केन्द्र वडा नं ८ | मोहनडाँडा |
| १० | सहरी स्वास्थ्य सेवा केन्द्र वडा नं ७ | पासिनडाडा |
| ११ | सहरी स्वास्थ्य सेवा केन्द्र वडा नं ५ | तिलाहार नेटा |
| १२ | सहरी स्वास्थ्य सेवा केन्द्र वडा नं २ | वयघारी |

# परिच्छेद-२ : आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम

**नगरसभा सदस्यज्यूहरू,**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को दोस्रो लहरको संक्रमणबाट मानव जाती माथी नै अकल्पनीय संकट आइपरेको छ । यस महामरी विरुद्ध आफ्नो सम्पूर्ण क्षमता, श्रोत र साधनका साथ जुटीरहेको यस कठिन घडीमा यस नगरपालिकाको आठौं नगर सभामा आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

नेपालको युगान्तकारी अग्रगामी परिवर्तनका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्था स्थापना गर्न ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष र सबै किसिमको आन्दोलन तथा संघर्षका क्रममा शहादत्त प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीबाट स्वदेश तथा विदेशमा ज्यान गुमाउनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु। कोभिड १९ बाट स्वदेश तथा विदेशमा संक्रमित हुनुभएका सबै नेपाली दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

यस संकटको घडीमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अग्रपङ्तीमा अहोरात्र खटिनुहुने जनप्रतिनिधि, चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको उच्च प्रसंशा गर्दछु । जोखिमपूर्ण यस परिस्थितिमा आ-आफ्नो तहबाट खटिनुहुने राजनीतिक दल, संचारकर्मी, उद्योगी, व्यवसायी, निजी क्षेत्र, नागरिक समाज, टोल विकास समिति, स्वास्थ्य स्वयंसेविका लगायत सबै व्यक्ति तथा संघ संस्थाहरूलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

**नगरसभा सदस्यज्यूहरू,**

सीमित स्रोत साधनको अधिकतम परिचालन गरी नगरपालिकाको सर्बाङ्गिण विकास गर्न स्पष्ट दृष्टिकोण, गन्तव्य र लक्ष्य सहित भीरकोट नगरपालिका तीब्र रूपमा अगाडि बढीरहेको अवस्थामा कोभिड-१९ महामारीको दोश्रो लहरको संक्रमणको सामना गर्नुपर्दा नगरपालिकाको सेवा प्रवाह, विकास निर्माण लगायतका समग्र गतिविधीहरू प्रभावित भएका छन् । यस विषम परिस्थितिमा हामीले हाँसिल गरेका केही महत्वपूर्ण उपलब्धिहरूलाई यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. नेपाल सरकार, गण्डकी प्रदेश सरकार र भीरकोट नगरपालिकाको संयुक्त लगानीमा नगरपालिकाको प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न गरी नयाँ भवनबाट सेवा आरम्भ गरिएको छ ।

२. गत आर्थिक वर्षमा संघीय सरकारको समपूरक अनुदान तर्फ गडहरे गुफा पर्यटन पूर्वाधार निर्माणको लागि रू. ४ करोड ७२ लाखको योजना स्वीकृत भई पहिलो वर्षको ठेक्काको काम सम्पन्न भएको र दोस्रो तथा तेस्रो वर्षको कामको लागि बोलपत्र आह्वान भई खरिद सम्झौता समेत सम्पन्न भईसकेको छ ।

३. भीरकोट नगरपालिकामा उत्सर्जन हुने फोहोरलाई व्यवस्थित रूपमा संकलन गरी फोहोरलाई मोहरमा परिणत गर्ने कार्यक्रम अनुसार व्यवस्थित सरसफाई केन्द्र तथा पार्क निर्माण गर्ने कार्यको लागि संघीय सरकारबाट विशेष अनुदान शिर्षकबाट रू. ३ करोडको कार्यक्रम स्वीकृत भई आएकोमा नियमानुसार वोलपत्र आह्वान गरी संरचना निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

४. आफ्नो कार्यालय भवन नभएका वडा कार्यालयहरूको भवन निर्माण गर्ने कार्यक्रम अनुसार चालु आर्थिक वर्षमा वडा नं. १, ५ र ८ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरिएको र अन्य प्रशासकीय भवन नभएका वडा कार्यालयहरूको जग्गा प्राप्त गरी भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

५. आँधीखोला नदी नियन्त्रणको लागि गण्डकी प्रदेश र नगरपालिकाको सह लगानीमा आँधीखोलाको दुवै तर्फ तटबन्धन गरी सो को माथिल्लो भागमा सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

६. उपभोक्ताहरूलाई सहज रूपमा गुणस्तरीय नदीजन्य निर्माण सामग्री उपलब्ध गराउने र नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने उद्देश्यले स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा तोकिएका स्थान र परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी भीरकोट नगरपालिका वडा नं. १ फर्दवास क्षेत्रमा स्थापित ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेशिनबाट नदीजन्य निर्माण सामग्री प्रशोधन गर्ने कार्य शुरू गरिएको छ ।

७. छाङ्छाङ्दी छायाक्षेत्र मन्दिर, स्वरेक मैदान, गडहरे गुफा, भीरकोट सरसफाई केन्द्र लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरूमा आधारभूत पूर्वाधार निर्माणको कार्य सम्पन्न भएको छ । यसबाट आगामी दिनमा नगरपालिकाको आन्तरिक आम्दानीमा उल्लेख्य वृद्धि हुने आधार तयार भएको छ ।

८. भीरकोट नगरपालिका वडा नं. ८ को ओकादी, वडा नं. २ को केघा र वडा नं. ७ को खिलुङ क्षेत्रमा यस नगरपालिका र गण्डकी प्रदेश सरकारको सहलगानीमा घरबास पर्यटन (होम स्टे) को लागि पूर्वाधार निर्माण र क्षमता विकासका कार्यक्रम सम्पन्न गरिएको छ । यसबाट आगामी दिनमा पर्यटकीय गतिविधीमा वृद्धि भई पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने अवस्था सिर्जना भएको छ ।

९. भीरकोट नगरपालिकालाई मिति २०७७/११/२२ गते नेपालको सातौं, गण्डकी प्रदेशको दोस्रो र स्याङ्जा जिल्लाको पहिलो बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएको छ ।

१०. नगरपालिका स्थित सबै विद्यालयहरूमा रहेका बाल विकास केन्द्रमा अध्ययनरत बालबालिकाहरूलाई नगरपालिका, अभिभावक र विद्यालयको साझेदारीमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइएको छ

। यसले गर्दा बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास हुनुका साथै विद्यार्थीको विद्यालय आउने दरमा वृद्धि भएको छ ।

११. गत विगत बर्ष देखि गर्भवती महिलाहरूलाई अण्डा वितरण र विद्यालयमा अध्यनरत बालबालिकाहरूलाई नियमित रूपमा जुकाको औषधी वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसले गर्दा गर्भवती महिला र बच्चाको स्वास्थ्यमा गुणात्मक सूधार भएको छ ।

१२. भीरकोट नगरपालिकाको ऐतिहासिक एवम् पुरातात्विक स्थलको रूपमा रहेको भीरकोट दरबारको संरक्षण र सम्वर्द्धन गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणको कार्य सम्पन्न भएको छ । उक्त दरबारलाई नगरपालिकाको स्वामित्वमा ल्याई मर्मत सम्भार पश्चात ऐतिहासिक संग्रहालयको रूपमा विकास गरिनेछ ।

१३. नगरपालिकाको समन्वय, सम्वन्धित उपभोक्ता र खानेपानी तथा ढल व्यवस्थापन विभागको सह-लगानीमा बयरघारी सह-लगानी खानेपानी योजना निर्माण कार्य सञ्चालन भई रहेको छ । यो योजना सम्पन्न भए पश्चात वडा नं. १, २ र ४ का करिब एक हजार उपभोक्ताहरूलाई स्वच्छ पिउनेपानी उपलब्ध हुनेछ ।

१४. गण्डकी प्रदेश सरकार र यस नगरपालिकाको सहकार्यमा भीरकोट नगरपालिका वडा ५ र ८ मा करिब २०० रोपनी जग्गा चक्लाबन्दी गर्ने कार्य सम्पन्न भएको छ । यसबाट त्यस क्षेत्रमा कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि भई कृषकको जीवनस्तरमा गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ ।

१५. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भए पश्चात पोखरा क्षेत्रका प्याराग्लाइडिङ्ग व्यवसायीहरू भीरकोट नगरपालिका वडा नं. ५ मा अवस्थित स्वरेक मैदान र वडा नं. ७ मा रहेको खीलुङ क्षेत्रतर्फ आकर्षित हुने संभावनालाई दृष्टिगत गरी उक्त क्षेत्रहरूमा संघीय र प्रदेश सरकारको सहलगानीमा प्याराग्लाइडिङ्ग लगायतका अन्य पर्यटकीय पूर्वाधार र साहसिक खेलका लागि समेत संरचना निर्माण कार्यको शुरूवात गरिएको छ ।

१६. यस नगरपालिकाको वडा नं. ३ मा करिब १४० घरपरिवारले उपभोग गर्ने सानो खोल्सा लिफ्टिङ्ग खानेपानी योजना निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । प्रस्तुत योजना निर्माण कार्य सम्पन्न भएपछि त्यस क्षेत्रका दलित तथा जनजाती बस्तीहरूमा स्वच्छ खानेपानी सुविधा उपलब्ध हुनेछ ।

१७. भीरकोट नगरपालिका वडा नं. १ हेलु स्थित कालिका सामूदायिक अस्पतालको स्वामित्व भीरकोट नगरपालिकालाई हस्तान्तरण भई उक्त अस्पताल भीरकोट नगर अस्पतालको रूपमा परिणत भएको छ । १०० बेड क्षमता रहेको यस अस्पतालमा १२ वटा बेडमा चौबीसै घण्टा अक्सिजनको आपूर्तिलाई सुनिश्चित गर्न राष्ट्रिय आबिस्कार केन्द्रसंगको लागत साझेदारीमा मिनी अक्सिजन प्लान्ट जडान गरी सेवा आरम्भ गरिएको छ । प्रदेश सरकारको आर्थिक सहयोगमा अक्सिजन पाईपलाईन जडानको कार्य समेत सम्पन्न भएको छ । उल्लिखित कार्यबाट यस क्षेत्रका कोरोना भाईरस संक्रमित बिरामीहरूले अक्सिजनको अभावमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त भएको छ ।

१८. कोभिड-१९ महामारीको दोश्रो लहरको संक्रमणको रोकथाम र नियन्त्रणका लागि शंकास्पद बिरामीहरूको पिसिआर तथा एण्टिजेन विधिबाट परीक्षण गरिएको र संक्रमितहरूको उपचार तथा गम्भिर प्रकृतिका बिरामीहरूको उद्धार गरी थप उपचारको लागि अन्यत्र पठाउने व्यवस्था मिलाईएको छ ।

१९. यस नगरपालिकाका ६ वटा वडाहरूमा स्वास्थ्य चौकी भवनहरू रहेको र स्वास्थ्य चौकी भवन नभएका ४ स्थानमा शहरी स्वास्थ्य क्लीनिक रहेका छन् । स्वास्थ्य चौकी नभएका वडाहरूमा स्वास्थ्य तथा

जनसंख्या मन्त्रालयको लगानीमा ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको भवन निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

२०. भीरकोट नगरपालिकाको केन्द्र बयरघारी बजार र अन्य मुख्य बजारहरूमा रहेका कच्ची सडकहरू नगरपालिका र उपभोक्ताहरूको लागत सहभागितामा स्तरोन्नति गरी कालोपत्रे गर्ने कार्य सम्पन्न गरीएको छ । यस्तो कार्यलाई आगामी वर्षमा समेत निरन्तरता दिइनेछ ।

२१. यस नगरपालिकाको दीर्घकालीन सोँच सहितको आवधिक योजना तयार भई कार्यान्वयनमा आएको छ ।

२२. यस नगरपालिकाको सम्पुर्ण वडाहरूको तथ्याङ्क सहितको डिजिटल प्रोफाइल (बस्तुगत विवरण) निर्माण कार्य सम्पन्न भएको छ । यसबाट नगरपालिकाको क्षेत्रगत तथ्याङ्क आद्यावधिक भई तथ्यमा आधारित नीति तथा योजना निर्माण र कार्यान्वयन सुनिश्चित भएको छ ।

२३. नगरपालिकाको वडा नं. १ र ८ मा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना भई सञ्चालनमा आएको छ । आगामी आर्थिक वर्षमा अन्य वडाहरूमा समेत क्रमशः जेष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण तथा व्यवस्थापन गरी सेवा बिस्तार गर्दै लगिनेछ ।

२४. नगरपालिकाको केन्द्र बयरघारी बजारको सुरक्षाको लागि सि.सि.टि.भि जडान गरिएको छ । साथै बजारको मध्य भागमा सार्वजनिक शौचालय समेत निर्माण सम्पन्न भएको छ ।

२५. नगरपालिकाको वडा नं. २ मा निर्माणाधीन अवस्थामा रहेको सिटीहलको निर्माण कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरिनेछ ।

२६. यस नगरपालिकाको वडा नं. ४ मा पर्ने झारखाममा रू. ४४ लाखको लगानीमा लिफ्टिङ्ग सिंचाई योजना सम्पन्न भएको छ । यस योजनाबाट सुख्खायाममा आँधीखोलाको पानी लिफ्टिङ्ग गरी करिब १५ सय रोपनी जग्गामा सिँचाइ सुविधा उपलब्ध भएको छ ।

२७. भीरकोट नगरपालिकाका विभिन्न वडाहरूमा नगरपालिकाको स्वामित्वमा रहेका एक्साभेटर र ब्याक हो लोडरबाट आवश्यकता अनुसार ग्रामिण सडकहरूको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईएको छ । चालु आर्थिक वर्षमा वडा नं. १, २, ३, ६ र ७ मा करिब रू. २ करोड लागत लाग्ने सडकहरूको स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ ।

२८. भीरकोट नगरक्षेत्रभित्र उत्पादन हुने दुधको संकलन र प्रशोधन गर्न वडा नं. १ आँधीखोला पक्की पूल नजिकै भवन निर्माण कार्य सम्पन्न भएको छ । यसबाट पशुपालक कृषकहरूले दुधको उचित मूल्य प्राप्त गरी उनीहरूको आयआर्जनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।**नगरसभा सदस्यज्यूहरू,**

नेपालको संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्त र नीति, नेपाल सरकारले अंगीकार गरेको समष्टिगत आर्थिक नीति, पन्ध्रौं राष्ट्रिय योजना, दिगो विकास लक्ष्य, यस नगरपालिकाको आवधिक रणनौतिक योजना, स्रोत अनुमान तथा बजेट निर्धारण समिति, राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू, राजनौतिक दल, उद्योगी, व्यवसायी लगायत निजी क्षेत्र र नागरिक समाजको सुझाब समेतको आधारमा यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**"समृद्ध भीरकोटको आधारः कृषि, पर्यटन आँधीखोलाको उपहार"** भन्ने मूल नारालाई आत्मसात गर्दै आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## क) पुर्वाधार विकासः

१. सिद्धार्थ राजमार्गदिखि नगरपालिकाको प्रशासनिक भवन सम्म जाने सडक स्तरोन्नति गर्ने र आफ्नो भवन नभएका वडा कार्यालयहरूको लागि जग्गा प्राप्ति गरी भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

२. भीरकोट नगरपालिकाको नगर सडक यातायात गुरूयोजना (MTMP) निर्माण गरी नगरक्षेत्रका सडकको मापदण्ड (Right of way) समेत तोकिनेछ ।

३. भीरकोट नगरपालिका क्षेत्रभित्र खोलिएका पुराना तथा नयाँ सडकको मर्मत सम्भार र स्तरोन्नति गर्दा वातावरणीय प्रभावलाई न्युनिकरण गर्ने उपायहरूको अवलम्बन गरिनेछ ।

४. सवै वडाहरूमा 'एक वडा, एक रणनीतिक सडक' छनौट गरी मर्मत, सम्भार र स्तरोन्नति गरी बाह्रै महिना निर्बाध रूपमा सडक सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

५. नगरक्षेत्र भित्र रहेका एक वा एक भन्दा वढी वडा समेट्ने गरी निर्माण भएका महत्वपूर्ण सडकहरूलाई क्रमशः स्तरोन्नति गर्नका लागि संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा निर्माण कार्य अगाडि वढाईनेछ ।

६. 'उज्यालो भीरकोट अभियान' अन्तर्गत नगरक्षेत्र भित्रका आवश्यक स्थानमा सडक वत्ति/सौर्य वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

७. नगरपालिकाको बजार क्षेत्रभित्र पक्की सडक निर्माण गर्दा सम्बन्धित उपभोक्ताहरूको अनिवार्य लागत सहभागिता व्यहोर्ने व्यवस्था मिलाइनेछ ।

८. बयरघारी बजार र आसपासको क्षेत्रमा रहेका वस्ती बसाउन योग्य स्थानहरूमा र वडा नं. १ र २ को दार्सिङ्ग दहथुम क्षेत्रमा व्यवस्थित र वैज्ञानिक बस्ती विकासका लागि गुरूयोजना तयार गरी पूर्वाधार निर्माण कार्य शुरू गरिनेछ ।

९. नगरपालिकाको पहिचानको रूपमा रहेको आँधीखोला आसपासका खेतीयोग्य भूमीको संरक्षणको लागि व्यवस्थित तटवन्धन गर्नुको साथै आँधीखोलाको दुवै किनारमा हरित सडक निर्माण गरिनेछ। यसका लागि वृहत् अध्ययन गरी गुरूयोजना तयार गरिनेछ ।

१०. नगरक्षेत्रभित्र सडक, खानेपानी, सिंचाई लगायतका पूर्वाधारजन्य आयोजनाहरू निर्माण गर्दा रोजगारी सिर्जना हुने एवम् स्थानीय श्रम, सीप र प्रविधिको उपयोग हुने आयोजना पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

११. चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकी अधुरा रहेका र क्रमागत आयोजनाहरूलाई आवश्यक बजेट विनियोजन गरी सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

१२. नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण गर्दा अपाङ्गमैत्री, ज्येष्ठ नागरिक तथा बालमैत्री हुने गरी विकास निर्माणका कार्यहरू अगाडि वढाउने व्यवस्था मिलाईनेछ ।

१३. नगरपालिकाबाट वार्षिक योजना तर्जुमा गर्दा आवधिक रणनैतिक योजनामा उल्लिखित दीर्घकालिन सोँच, लक्ष्य र उद्देश्य हाँसिल हुने गरी योजना तथा कार्यक्रम छनौट गरिनेछ ।

१४. नगरपालिका तथा वडास्तरबाट आयोजनाहरू छनौट गर्दा उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, स्थानीय स्तरबाट जनश्रमदान जुट्ने र दीगोपना भएका आयोजनाहरू छनौट गर्नका लागि प्रोत्साहित गरिनेछ ।

१५. नगरपालिका र वडा कार्यालयहरूबाट सम्पादन हुने कामलाई सूचना प्रविधिमैत्री बनाईनेछ । यसका लागि नगरपालिका र सबै वडा कार्यालयहरूमा भरपर्दो इन्टरनेट सेवाको सुनिश्चितताको लागि ईन्टरनेट सेवाप्रदायक संस्थासंग सम्झौता गरिनेछ ।

१६. नगरपालिका क्षेत्रभित्र रिङ्गरोड निर्माणको अवधारणा अनुसार आवश्यक प्रकृया अगाडि वढाईनेछ।

१७. भीरकोट नगरपालिकाका वडा नं. ५, ८ र ९ लाई समेटेर वृहत्तर पर्वतीय पर्यटन र पर्यटन पुर्वाधार विकासका लागि गुरूयोजना तयार गरी संघ र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अगाडि वढाईनेछ । वडा नं. ९ को फलाटे र मालिकाको बीचमा पर्वतीय ताल निर्माण गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।

१८. भीरकोट नगरपालिका वडा नं. ८ र ९ को सीमानामा पर्ने गडहरे गुफाको भौगर्भिक अध्ययन तथा अन्वेषण गरी प्राप्त प्रतिवेदनको आधारमा पूर्वाधार निर्माण कार्य अगाडि बढाईनेछ ।

१९. सिमलचौर, पकान फाँट, झारखाम, गेजावास, बलमाटा, मर्तमास लगायतका फाँटहरूमा संघ प्रदेश सरकारसँग सहकार्य गरी व्यवस्थित सिंचाई योजना सञ्चालन गरिने छ ।

२०. भीरकोट नगरपालिका क्षेत्रमा रहेका खोलाहरूमा सडक, पुल तथा कल्भर्ट निर्माण गर्ने कार्यलाई संघ र प्रदेश सरकारको सहकार्यमा निरन्तरता दिइनेछ ।

२१. नगरपालिका क्षेत्र भित्रका आवश्यक खोला/खोल्साहरूमा सरोकारवालाहरूसंगको समन्वयमा झोलुङ्गे पुल निर्माण गरिनेछ ।

२२. नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणसंग सम्बन्धित वडास्तरीय तथा नगरस्तरीय योजना तथा कार्यक्रमहरूमा निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न अनिवार्य रूपमा प्रशोधित ढुंगा, गिट्टी तथा बालुवा प्रयोग गर्ने व्यवस्था मिलाईने छ ।

२३. नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाईनेछ ।

**ख) सामाजिक विकासः**

२४. **नगर प्रमुखसँग ज्येष्ठ नागरिक कार्यक्रम** अन्तर्गत भीरकोट क्षेत्र भित्र रहेका ज्येष्ठ नागरिकहरूलाई एक आपसमा चिरपरिचित गराई उनीहरूको दिनचर्यालाई सहज र सरल बनाउनका लागि **'एक वडा, एक ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र'** निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२५. मेयरसँग वालवालिका कार्यक्रम अन्तर्गत भीरकोट क्षेत्र भित्र रहेका वालवालिकाहरूलाई एक आपसमा चिरपरिचित गराउन र फुर्सदको समयमा मनोरञ्जन गर्न 'एक वडा एक बाल उद्यान' निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२६. नगरक्षेत्र भित्र रहेका विभिन्न जातजाती तथा भाषाभाषीहरूको मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराहरूको संरक्षण तथा विकास गर्ने कार्य अगाडि बढाउने व्यवस्था मिलाईनेछ ।

२७. नगरक्षेत्र भित्र वसोवास गर्ने फरक क्षमता भएका अपाङ्ग तथा असहाय नागरिकहरूको तथ्याङ्क अद्यावधिक गरी संरक्षण गर्न उनीहरूको सीप तथा क्षमता अनुसारका सीप विकासका कार्यक्रमहरू अगाडि वढाईनेछ । नगरक्षेत्रभित्र रहेका महिलाहरूको सीप तथा क्षमता विकास गरी सशक्तीकरण गर्नुको साथै स्वरोजगारका अवसर प्रदान गरिनेछ ।

२८. नगरक्षेत्र भित्र रहेका अपाङ्ग, दलित, मुस्लिम अल्पसंख्यक, विपन्न, पिछडिएको वर्ग तथा समूहको उत्थान एवम् सशक्तीकरणका लागि आवश्यक पर्ने सीप तथा क्षमता विकास गरी त्यस्ता वर्ग तथा समूदायको परम्परागत पेशा तथा व्यवसायहरूको विशेष संरक्षण, सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ ।

२९. भीरकोट नगरक्षेत्रभित्र बसोबास गर्ने दलित तथा जनजाती परिवारमध्ये अतिबिपन्न दलित तथा जनजाती परिवार पहिचान गरी उनीहरूको जिविकोपार्जनको व्यवस्था मिलाईनेछ ।

३०. नगरपालिकामा रहेका असहाय र अपाङ्ग तथा सडक बालबालिकाहरूको संरक्षणका लागि वालवालिका विशेष कोष स्थापना गरी संरक्षण र उद्दारका कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. समाजमा विद्यमान महिला हिंसा र लागु पदार्थको दुर्व्यसनी समेतका सामाजिक कुरीतिहरूलाई निरूत्साहित गर्न त्यस्ता गतिविधीहरूको नियन्त्रण तथा रोकथामका कार्यमा संलग्न संघ संस्थाहरूसंगको सहकार्यमा सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरी उनीहरूलाई घर परिवार र समाजमा पुनःस्थापना हुने व्यवस्था मिलाइनेछ ।

३२. नगरक्षेत्र भित्र स्वच्छ पिउनेपानीको पहुँच नभएका बस्ती र परिवारको पहिचान गरी स्वच्छ पिउनेपानीको पहुँच सुनिश्चितता गर्दै एक घर एक धाराको अभियान सञ्चालन गर्न संघ र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।

३३. नगरक्षेत्रभित्र खानेपानी आयोजनाहरू सञ्चालन गर्दा पुराना योजनामा प्रयोग भएका पाइप र अन्य सामग्रीहरूको मर्मत सम्भार गरि पुनः प्रयोग गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरी आयोजनाहरूको मर्मत गर्ने कार्यलाई अगाडि वढाईनेछ ।

३४. भीरकोट नगरपालिकाबाट स्वीकृत स्थानीय पाठ्यक्रमको आधारमा कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाईको कार्य सम्पन्न गरी नगर क्षेत्रका सम्पूर्ण सामूदायिक तथा संस्थागत विद्यालयहरूमा चालु शैक्षिक सत्रको शुरूदेखि नै पाठ्यपुस्तक वितरण र पठनपाठको व्यवस्था मिलाईनेछ ।

३५. विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरूको तथ्याङ्क यकिन गरी अनिवार्य रूपमा विद्यालयमा भर्ना गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिन विद्यालय भर्ना अभियान सघन रूपमा संचालन गरिनेछ ।

३६. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन हुने खालका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुको साथै विद्यार्थीहरूले अनुभव गर्ने खालका अतिरिक्त शैक्षिक कार्यक्रम सञ्चालन गरी उनीहरूको प्रतिभालाई सीपसंग आवद्ध गराउने व्यवस्था मिलाइनेछ ।

३७. नगरपालिकामा संचालित सामूदायिक विद्यालयहरूको भौतिक सुधार कार्यक्रम बिस्तारको लागि जोड दिइनेछ ।

३८. नगर क्षेत्रभित्र रहेका सामूदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा आवश्यक पर्ने विषय र क्षेत्रको सम्भाव्यता अध्ययन गरी प्राप्त नतिजाका आधारमा अनुमति लिने प्रक्रिया अगाडि बढाइनेछ ।

३९. आधारभुत तहको कक्षा १ मा भर्ना हुने विद्यार्थीलाई भर्ना हुनुभन्दा अगाडि १ वर्ष बालविकास केन्द्रको अनुभव दिलाए पश्चात मात्र कक्षा १ मा भर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

४०. बाल विकास केन्द्रको अध्ययन पुरा गरेका बालबालिकाहरूलाई विद्यालयमा स्थानान्तरण गरी अध्ययन कार्यलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने प्रोत्साहनमूलक कार्यक्रम पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

४१. विद्यालयहरूको कक्षा कोठाको शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाइ गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षकहरूको सीप तथा क्षमता अभिवृद्धि गर्न आवश्यकता अनुसार क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४२. वाल विकास केन्द्रको सिकाई उपलब्धिलाई प्रभावकारी र गुणस्तरीय वनाउनका लागि सहयोगी कार्यकर्तालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।

४३. बाल विकास केन्द्र देखि क्रमशः माथिल्ला कक्षा सम्मका विद्यार्थीहरूका लागि सम्वन्धित विद्यालय, अभिभावक र नगरपालिकाको संयुक्त साझेदारीमा दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

४४. भीरकोट नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा भईसकेको सन्दर्भमा यसको निरन्तरता र दिगोपनाको लागि स्थानीय आमा समूह, युवा क्लब, टोल विकास समिति, बालक्लब, स्थानीय महिला स्वास्थ्य स्वयं सेविका लगायत अन्य सरोकारवाला व्यक्ति तथा संघ संस्थासंग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ । साथै बालबालिकासँग जोडिने हरेक क्रियाकलापहरू बालमैत्री अवधारणा अनुरूप संचालन गरिनेछ ।

४५. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई वृद्धि गर्न र मूल्यांकन प्रणालीलाई विश्वसनीय बनाउने कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४६. विद्यालयमा छात्राहरूको नियमितताको लागि निःशुल्क रूपमा स्यानीटरी प्याड उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४७. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ संक्रमणको दोस्रो लहरको कारणबाट विद्यालय सञ्चालन हुन नसकी पढाइ हुने दिनहरू कमी हुने भएको हुँदा उक्त ग्याप पुरा गर्न बैकल्पिक सिकाई सहजीकरण विधि अपनाईने छ ।

४८. नेपाल सरकारबाट सञ्चालन भएका स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाइनुका साथै गर्भवती महिलाको पोषण अवस्थामा सुधार गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउनका लागि प्रोत्साहन गरिनेछ । विगत आर्थिक वर्ष देखि सञ्चालनमा रहेका अण्डा वितरण, महिला स्वास्थ्य स्वंयसेविकाहरू र आमा समूहको बैठक सञ्चालन सम्बन्धी  कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।

४९. नगरक्षेत्र भित्र पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिनका लागि अनुगमन संयन्त्र बनाइ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

५०. ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय र गर्भवती महिलाहरूलाई घर-दैलोमा सेवा दिने कार्यलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । यस्तो कार्यमा संलग्न स्वास्थ्यकर्मीहरूलाई थप सुविधा उपलव्ध गराइनेछ ।

५१. नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई चुस्त बनाउन आवश्यक पर्ने पूर्वाधार, जनशक्ति र स्वास्थ्य सामग्री  थप गरी गुणस्तरीय सेवा उपलब्ध गराइनेछ । यसको लागि स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

५२. कोभिड-१९ संक्रमणको दोस्रो लहरको असर रहँदाको अवस्थासम्मको लागि विदेश र अन्यत्र जिल्लाबाट यस नगरपालिकामा आउने मानिसहरूलाई कम्तीमा १० दिनसम्म होम क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाइनेछ । होम क्वारेन्टिनमा बसेका व्यक्तिहरूलाई स्वास्थ्यकर्मीबाट आवश्यक निगरानी, परामर्श र स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ ।

५३. यस नगरपालिका क्षेत्रभित्र कोभिड-१९ संक्रमणको रोकथाम र नियन्त्रणको लागि बढीभन्दा बढी नागरिकहरूलाई परीक्षणको दायरामा ल्याईनेछ । यसको लागि संघीय तथा प्रदेश सरकारसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

५४. नेपाल सरकारद्वारा निःशुल्क रूपमा उपलब्ध गराईएका औषधीहरूको उपलब्धतालाई सुनिश्चित गर्दै आर्थिक अवस्था कमजोर रहेका मधुमेह र उच्च रक्तचापका विरामीहरूले प्रयोग गर्ने औषधी निशुल्क रूपमा उपलब्ध गराउने र गर्भवती महिलाहरूलाई नगरपालिकाको तर्फबाट क्यालसियम चक्की निःशुल्क रूपमा वितरण गर्ने गर्ने व्यवस्था मिलाईनेछ ।

५५. कालिका सामूदायिक स्वास्थ्य संस्थाको स्वामित्वमा रहेको कालिका सामूदायिक अस्पताल भीरकोट नगर अस्पतालको रूपमा भीरकोट नगरपालिकालाई हस्तान्तरण भएको हुँदा अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति र स्वास्थ्य उपकरणको व्यवस्थापनको लागि संघीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

५६.	नगरपालिका क्षेत्रमा रहेका ५ वर्ष उमेर पुरा भएका बालबालिकाहरूलाई जुकाको औषधी नियमित रूपमा खुवाउने कार्यलाई अगाडि बढाईनेछ ।

५७.	भीरकोट नगरक्षेत्रभित्रका अति बिपन्न बर्ग र समूदायका नागरिकहरूलाई नगरपालिकाबाट स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाईनेछ ।

५८.	नगरक्षेत्र भित्र रहेका विभिन्न भाषाभाषी, रीतिरिवाज र धर्म संस्कृतिहरूको अध्ययन/अनुसन्धान, संरक्षण, विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइनेछ ।

५९.	समय समयमा विभिन्न संघ संस्था वा विशेषज्ञको आर्थिक एवम प्राविधिक सहयोगमा आवश्यकता अनुसार नगरपालिका क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

६०.	प्रदेश सरकारको सहयोगमा भीरकोट नगरपालिका वडा नं. १ सिसौघारीमा निर्माणाधीन खेलमैदानको स्तरोन्नतिको लागि संघीय र प्रदेश सरकारसंग थप बजेट व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

६१.	बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियोगिता सञ्चालन गरि विद्यार्थी तथा युवाहरूलाई खेलप्रति उत्प्रेरित गराउने व्यवस्था मिलाइनेछ । यसका लागि एक वडा एक खेलमैदान निर्माण कार्य अगाडि बढाईने छ ।

६२.	नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थल, मठ, मन्दिर, गुम्वा र मस्जिदहरूको संरक्षण र सम्बर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।

६३.	नेपाल सरकारद्वारा गरिब घरपरिवार पहिचान सर्वेक्षणका आधारमा परिचय पत्र प्राप्त गरेका नागरिक र अपाङ्गगता परिचय पत्र प्राप्त गरेका सम्पूर्ण अपाङ्गहरूलाई नगरपालिकाबाट दिने सबै किसिममा सेवा तथा सुविधाहरू निःशुल्क रूपमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

६४.	नगरपालिका भित्र रहेका ज्येष्ठ नागरिकहरूलाई परिचय पत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

६५.	ज्येष्ठ नागरिकसंग मेयर कार्यक्रम अन्तर्गत प्रत्येक वडामा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण कार्यलाई क्रमशः अगाडि बढाइनेछ । नगरपालिका भित्रका सबै जेष्ठ नागरिकहरूलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६६.	गरिबसँग मेयर कार्यक्रम अन्तर्गत नगरक्षेत्र भित्र रहेका बिपन्न बर्ग तथा समूहको सीप तथा क्षमता विकासको लागि सचेतना र प्रविधि हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । साथै बिगत वर्षदेखि कार्यान्वयनमा रहेको बिपन्न बर्गका नागरिकहरूलाई कुखुराको चल्ला वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६७.	नगरक्षेत्रमा अल्पसंख्यक समूदायको भाषा, संस्कृति, परम्परा, जात्रा, नाच, आदिको संरक्षण गरी जगेर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

६८.	भीरकोट नगरपालिका क्षेत्रमा रहेका महिलाहरूको क्षमता अभिवृद्धि र स्वरोजगार कार्यक्रम सञ्चालनको लागि महिलासँग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ ।

६९.	आफ्ना आमाबाबु/सासुससुरालाई माया ममता दिई नियमित हेरचाह गरेका छोरा वुहारीहरूमध्ये उत्कृष्ट कार्य गर्नेलाई नगरपालिकाबाट सम्मान गरिनेछ ।

७०.	भीरकोट नगरक्षेत्रभित्र बसोबास गर्ने उद्यमी महिलाहरूको पहिचान गरी उनीहरूलाई संगठित गराई सबलीकरण गर्ने व्यवस्था मिलाईने छ ।

७१.	भीरकोट नगरपालिकालाई बालविवाह मुक्त र वालश्रम रहित नगरपालिका बनाउन संचालन गरिएका कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ ।

**ग) आर्थिक विकासः**

७२. कोभिड-१९ को कारण विदेशमा रोजगारी गुमाइ स्वदेश फिर्ता भएका नागरिकहरूलाई उनीहरूको सीप र दक्षताको आधारमा उत्पादनमूलक कार्यमा लाग्न प्रोत्साहन गरिनेछ ।

७३. ग्रामिण भेगमा बाँझो रहेको जग्गा उपयोग गरी व्यवसायिक खेती गर्ने कृषकहरूलाई उत्पादनको आधारमा अनुदान दिने व्यवस्था मिलाईनेछ ।

७४. कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि कृषि तथा पशुपालन व्यवसाय पकेट क्षेत्र तोकि एक वडा एक उत्पादनको अवधारणलाई सम्भावनाको आधारमा क्रमशः शुरूवात गर्दै लगिनेछ ।

७५. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा मुख्यमन्त्री नमूना वातावरणमैत्री कृषि आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग र सहकार्य गर्ने व्यवस्था मिलाईनेछ ।

७६. विगत आर्थिक वर्षदेखि शुरू गरिएको एक घर एक करेसाबारी र एक गाउँ एक नर्सरी कार्यक्रमलाई निरन्तरता दिंदै त्यस्तो कार्यक्रम शुरू गर्ने कृषकहरूलाई आवश्यकता अनुसार मल, बिउ तथा कृषिजन्य आधुनिक उपकरणहरू ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

७७. नगरक्षेत्र भित्र सुन्तला, कागती, निबुवा, कुरीलो, कफि र अलैंची खेतीको प्रचुर सम्भावना भएका क्षेत्रहरूको पहिचान गरी त्यस्ता स्थानमा सुन्तला, कागती, निबुवा, कुरीलो, कफी र अलैंची खेती गर्ने कार्यलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार ५० प्रतिशत अनुदानमा वेर्ना वितरण गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

७८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा कृषि ज्ञान केन्द्रसंगको सह-लगानीमा सुन्तलाको बगैचा व्यवस्थापन, प्रशोधन केन्द्र स्थापना र बजारीकरणको लागि कृषकहरूसंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

७९. नगरक्षेत्र भित्र रहेका कृषि तथा पशुपालक कृषकहरूलाई मागका आधारमा आवश्यक पर्ने तालिम तथा प्रोत्साहनका कार्यक्रम अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

८०. नगरपालिकाबाट सहकारी संस्थाहरूको क्षमता विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनुका साथै प्रगति प्रतिवेदनका आधारमा नियमित अनुगमन र नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

८१. नगरपालिका र वित्तिय/सहकारी संस्थाहरूको साझेदारीमा कृषि उत्पादन तथा पशुपालनका क्षेत्रहरूमा सहलगानीको लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८२. नगरपालिकालाई दुध, मासु, अण्डा र महमा आत्मनिर्भर बनाउनका लागि बाख्रापालन, मौरीपालन, भैसी तथा गाई पालन, कुखुरा पालन र बंगुरपालन व्यवसायको शुरूवात गर्ने कृषक तथा युवाहरूलाई प्रोत्साहान गर्नका लागि उन्नतजातका बिउ, चल्ला र बोका वितरण गरिनेछ ।

८३. कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लगानीमा भीरकोट नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरूमा मौरी ब्लक कार्यक्रमको निरन्तरताको लागि आवश्यक पहल गरिनेछ ।

८४. भीरकोट नगरपालिकाका अन्तर्गतका सम्पूर्ण वडाहरूमा व्यवसायिक रूपमा कृषि र पशुपालनमा संलग्न कृषकहरूको लगत तयार गरी प्रोत्साहन एवम् क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

८५. नगरपालिका भित्र मासु र दुध उत्पादनमा वृद्धि गरी आत्मनिर्भर हुनको लागि पशुनश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. नगरक्षेत्रभित्र उत्पादन हुने कृषिजन्य वस्तुहरूको खरिद तथा विक्रि वितरणको सहजताको लागि बजार क्षेत्रमा हाट बजार केन्द्र स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

८७. कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि विज्ञहरूको सहभागीतामा दीर्घकालीन कृषि सम्बन्धी नीति तयार गरी लागु गरिनेछ ।

८८. कृषि तथा पशुपालन व्यवसायमा महिला, दलित, अपाङ्ग, असहाय तथा जेष्ठ नागरिकहरूका विषयमा उल्लेखनीय कार्य गर्ने वित्तिय तथा सहकारी संस्थाहरूलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

८९. नगरपालिका क्षेत्रभित्र स्थापित घरबास पर्यटन (होम स्टे) को प्रबर्द्धन र विकासको लागि पूर्वाधार निर्माण र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

९०. नगरपालिकाको पर्यटन विकासको लागि सम्भाव्यताको आधारमा यान्त्रिक पुल, केवलकार, तथा मोनोरेल निर्माणको लागि उपयुक्त स्थान छनौट गरी अध्ययन शुरू गरिनेछ ।

९१. प्याराग्लाइडिङ्गको लागि उपयुक्त स्थानको रूपमा रहेको खिलुङ्ग क्षेत्रमा पूर्वाधार निर्माण र स्थानीय मौलिक संस्कृतिको जगेर्ना गरी उक्त क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न कार्यक्रम अगाडि बढाइनेछ ।

९२. धार्मिक तथा पर्यटकीय महत्वका छाङ्गछाङ्गदी, स्वरेक मैदान, केघा, भीरकोट कालिका, गडहरे गुफा, मुल्का बराहा, कोखेको झरना, देउपुजे ढुंगा, नारायणगिरी बाबा मन्दिर, खीलुङ्ग कालिका, ओकादी, भीरकोट दरबार लगायतका स्थलहरूको प्रवर्द्धन र विकासको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

९३. नगरपालिका क्षेत्रमा पर्यटन प्रर्वद्धनका लागि पर्यटनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालनका लागि आवश्यक सहयोग र समन्वय गरिनेछ ।

९४. ऐतिहासिक पर्यटकीय खेलको पहिचान र पर्यटकीय पदमार्ग स्थलहरूमा पूर्वाधार निमार्ण गर्न संघीय र प्रदेश सरकारसँगको सहकार्य र सहलगानीलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

९५. आँधीखोलामा सिजनलरूपमा जलयात्रा सञ्चालन गर्ने कार्यका लागि सम्बन्धित सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

९६. स्थानीय स्तरमा लघु उद्यमी तयार गरी उनीहरूको ज्ञान, सीप र क्षमताको आधारमा लघु उद्योग स्थापना मार्फत स्थानीय स्तरमा रोजगारी सिर्जनामा सहयोग पुर्‍याईरहेको लघु उद्यम विकास कार्यक्रम (MEDPA) लाई निरन्तरता दिईनेछ । साथै नगरपालिकाभित्र रहेका लघु उद्यमीहरूको भेला गराई हालसम्मको उपलब्धीको समीक्षा समेत गरी आगामी कार्ययोजना तयार गर्ने व्यवस्था मिलाईनेछ ।

९७. नगरपालिकाबाट विभिन्न विषयमा तालिम लिएका व्यक्तिहरूलाई सम्बन्धित विषयको ज्ञान र सीपको आधारमा व्यवसायिक उद्यमतर्फ लाग्नका लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

९८. नगर क्षेत्रभित्र साना तथा लघु उद्यमी तयार गर्नका लागि सम्बन्धित निकायमा उद्योग दर्ता गरि प्रस्ताव सहित आउने उद्यमी वा उद्यमी समूहहरूलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने कार्य प्रारम्भ गरिनेछ ।

९९. नगरपालिका क्षेत्रभित्र संभाव्यताको आधारमा तरकारी तथा अन्नबालीको पकेट क्षेत्र तोकी बिउ उत्पादन गर्ने व्यवस्था मिलाईने छ ।

१००. नगरपालिका क्षेत्रमा सञ्चालित उद्योग व्यवसायहरूको प्रवर्द्धनका लागि आवश्यक सहयोग र समन्वय गर्ने व्यवस्था मिलाईनेछ ।

१०१. संघीय सरकार तथा प्रदेश सरकारको एक पालिका, एक औद्योगिक ग्राम स्थापना गर्ने नीति अनुसार यस नगरपालिका वडा नं. ४ झारङखोलामा औद्योगिक ग्राम स्थापनाको लागि संघीय तथा प्रदेश सरकार संग समन्वय र सहकार्य गरिनेछ ।

१०२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रमा रहेका बेरोजगार युवा युवतीहरूलाई रोजगारी सृजना हुने खालका श्रममूलक आयोजनाहरू छनौट गरी कार्यान्वयन गरिनेछ । यस्तो कार्यमा नगरपालिकाबाट बस्तुगत सहायता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

१०३. पर्यटकीय गन्तव्य स्थलमा सूचीकृत भएको स्वरेक मैदानमा विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसारको पूर्वाधार निर्माण कार्य अगाडि बढाउनका लागि संघीय तथा प्रदेश सरकारसंग सहकार्य र सहलगानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०४. नगरपालिकाको गौरवको रूपमा रहेको छाङ्छाङ्दी छायाक्षेत्रको समग्र विकासको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुरूप पूर्वाधार विकास गर्न संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

१०५. भीरकोट नगरपालिका वडा नं. १ फर्दबासमा ढुङ्गा, गिट्टी, वालुवा लगायत नदी जन्य निर्माण सामग्रीको प्रशोधन गरी आम उपभोक्ताहरूलाई गुणस्तरीय निर्माण सामग्री उपलव्ध गराउनको लागि ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेशिन स्थापना गरिएकोमा यसबाट उपभोक्ताहरूलाई सहजरूपमा गुणस्तरीय निर्माण सामग्री उपलव्ध हुनुको साथै नगरपालिकाको आन्तरिक आम्दानी समेत वृद्धि हुने हुँदा यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१०६. नगरपालिकाका ९ वटै वडाहरूमा माटो परीक्षण गरी प्राविधिकको राय अनुसारको व्यवसायिक फलफूल खेती, नगदेबाली र अन्न बाली लगाउने कार्य शुरू गरिनेछ ।

१०७. कृषि तथा पशु विकास कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि १ वडा १ प्राविधिक व्यवस्था गर्ने नीति लिइनेछ ।

१०८. नगरपालिकाका विभिन्न वडाहरूमा आइ.पि.एम. पाठशाला सञ्चालन गरिनुको साथै साना सिँचाई/थोपा सिँचाइ कार्यक्रम सञ्चालन गरी व्यवस्थित रूपमा खेती गरी तरकारी खेतीमा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०९. भीरकोट नगरपालिका वडा नं. ३ को देउपुजे ढुंगा क्षेत्र, मुल्का वराह र कोखे छहरा क्षेत्रमा एकिकृत पर्यटन पूर्वाधार निर्माणको लागि गुरूयोजना तयार गरी निर्माण कार्य अगाडि बढाईनेछ ।

११०. भीरकोट नगरपालिका वडा नं. १ मा पर्ने विर खोलामा व्यवस्थित पार्क निर्माणको कार्य शुरूवात गरिनेछ ।

१११. एकुवार देखि आमडाँडा हुँदै खिलुङ्ग कालिका सम्म पर्यटकीय पदमार्ग निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११२. भीरकोट नगरपालिका वडा नं. ६ आधीखाल्टामा स्थापना भएको नमुना कृषि फर्मबाट उन्नत जातको बिउ र विरुवा उत्पादन गर्ने व्यवस्था मिलाई यसलाई कृषि तालिम केन्द्रको रूपमा विकास गरिनेछ ।

११३. गण्डकी प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा भीरकोट नगरपालिकाका विभिन्न स्थानहरूमा रहेको खेतीयोग्य जमिनलाई चक्लाबन्दी गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११४. उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने व्यावसायिक कृषकहरूलाई उत्पादनको आधारमा थप अनुदान दिने व्यवस्था मिलाइनेछ । साथै पशुपंक्षी तथा बालीको संरक्षणको लागि पशु तथा बाली बिमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

११५. माटो परीक्षण र अन्य सम्भाव्यताको आधारमा एउटा वडामा कम्तीमा एउटा कृषि पकेट कार्यक्रम सञ्चालन गर्ने र यस्तो कार्यक्रम सञ्चालन गर्दा सम्वन्धित उपभोक्ताहरूको ५० प्रतिशत लागत सहभागिता सुनिश्चिता गर्ने व्यवस्था मिलाईनेछ ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः

११६. नगरपालिकाक्षेत्र भित्र पूर्वाधार निर्माण गर्दा बातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखि वातावरणमैत्री कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

११७. नगरक्षेत्र भित्र उत्सर्जन हुने फोहोर संकलन गर्ने कार्यलाई बिस्तार गरी हरेक वडामा पुर्‍याइनेछ र सो को लागि संकलन केन्द्र निर्माण गर्ने व्यवस्था मिलाइनेछ । यसरी उत्सर्जन हुने फोहोरको वर्गिकरण गरी कुहिने खालका फोहोरहरूलाई उत्पादन स्थलमा नै प्राङ्गारिक मल वनाउने कार्य अगाडि बढाइनेछ । नकुहिने खालका पुनः प्रयोग गर्न सकिने फोहोरहरूको बिक्री मुल्य कायम गरी खरिद बिक्री गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११८. सरसफाईका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी पूर्णसरसफाई युक्त नगरपालिका बनाउन शौचालय नभएका अति विपन्न नागरिक र कच्ची शौचालय भएका नगरवासीलाई पक्की शौचालय निर्माण गर्न आवश्यक पर्ने न्यूनतम निर्माण सामग्री सम्वन्धित टोल विकास समिति र वडा कार्यालयको सिफारसको आधारमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

११९. नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा मानवीय कारणले हुन सक्ने विभिन्न प्रकोपका कारण हुनसक्ने क्षतिलाई न्युनीकरण गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

१२०. भीरकोट नगरपालिकाको विपद प्रतिकार्य योजना तयार गरी लागु गरिने छ ।

१२१. नगरपालिका क्षेत्र भित्र पर्ने आँधीखोला, दरौं खोला, लुब्दीखोला लगायतका अन्य खोलानाला आसपासको उर्वर खेतीयोग्य जमिनको संरक्षण गरी नदी नियन्त्रणको लागि तटबन्धनका योजनाहरू सञ्चालन गर्नुका साथै आँधीखोलाको एकिकृत विकासको लागि गुरूयोजना तयार गर्ने कार्यलाई अगाडि वढाइनेछ । उक्त गुरूयोजना तयार भए पश्चात संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र सहलगानीमा व्यवस्थित निर्माण कार्य अगाडि वढाइनेछ ।

१२२. सुन्दरचौर बनस्पती सूचना केन्द्रमा बोटानिकल पार्क निर्माण गरी पर्यापर्यटनको रूपमा विकास गर्न सम्बन्धित सरोकारवालाहरू संगको सहकार्यमा पूर्वाधार निर्माण र व्यवस्थापन गर्ने कार्य अगाडि बढाईनेछ ।

१२३. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तालतलैया, पोखरी र चौतारीहरूको मर्मत सम्भार, जिर्णोद्धार र संरक्षण गरी अभिलेखीकरण गरिनेछ । पुरात्तात्विक तथा ऐतिहासिक महत्वका रूपमा रहेका पोखरी तथा ताल-तलैयाहरूको आवश्यकता अनुसार पुनःनिर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

१२४. नगरक्षेत्रभित्र आयोजनाहरूको कार्यान्वयन गर्दा वातावरणीय असरलाई न्यूनीकरण गर्ने उपायहरूको अबलम्बन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१२५. नगरपालिका क्षेत्रभित्र सार्वजनिक, ऐलानी र पर्ती जग्गा पहिचान गरी उक्त क्षेत्रमा फलफूल जातका बिरुवाहरू रोपण गर्ने कार्य अगाडि बढाइनेछ ।

१२६. वातावरणीय प्रदुषण न्युनिकरण गर्न र सडक सुरक्षा समेतको कार्यको लागि सडकको दायाँवायाँ वृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।

१२७. नगरपालिका क्षेत्रभित्र रहेका जंगल, झाडी, वुट्यान र कुकाठका रुखहरू हटाइ आय आर्जन गर्ने खालका रुखहरू रोपण गर्ने कार्य अगाडि वढाइनेछ ।

१२८. नगरपालिका क्षेत्रभित्र घनावस्ती रहेका क्षेत्रहरूमा व्यवस्थित ढल निकासको व्यवस्था मिलाइनेछ ।

१२९. फोहोरमैला व्यवस्थापन केन्द्रमा संकलन भएको फोहोर मध्ये पून:प्रयोगमा आउने फोहोरलाई सिसाजन्य, कागजजन्य र प्लाष्टिकजन्य फोहोरको रूपमा बर्गीकरण गरी बिक्री वितरण गर्ने र कुहिने फोहोरलाई प्रशोधन गरी जैविक मल उत्पादन गर्ने कार्यको शुरूवात गरिनेछ ।

**ङ) सुशासन तथा संस्थागत विकासः**

१३०. नगरपालिकाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाईनेछ । सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिकप्रति उत्तरदायी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ ।

१३१. नगरपालिकामा कार्यरत कर्मचारीलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बनाई कार्यसम्पादनलाई नतिजामूखी बनाउन साउन मसान्तभित्र परिमाणात्मक तथा मापनयोग्य सूचक सहित नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षसंग तथा प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा प्रमुख र वडा सचिवसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाईनेछ ।

१३२. नेपालको संविधानको अनुसूची-८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरूमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ।

१३३. विगत आर्थिक वर्षमा तर्जुमा भएका ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधीहरूको समयानुकुल संशोधन तथा परिमार्जन गर्ने र यसको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१३४. न्यायिक समिति र अन्य उपसमितिका पदाधिकारीहरूको क्षमता विकासका लागि आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१३५. नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरू मध्येबाट उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

१३६. नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्वाचित पदाधिकारी, कर्मचारी र उपभोक्ता समितिमा रहेका पदाधिकारीहरूलाई कार्यक्रम कार्यान्वयन र अनुगमनसँग सम्बन्धित विषयमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१३७. नगरपालिका तथा वडास्तरबाट सम्पादन भएका विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यहरूको सार्वजिनक सुनुवाई, सामाजिक परीक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण जस्ता सेवाग्राहीप्रति उत्तरदायी हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१३८. उत्कृष्ट काम गर्ने उपभोक्ता समितिहरूलाई उनीहरूले गरेको कार्यको कदरस्वरूप प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१३९. नगरपालिकाबाट तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका कोषहरू स्थापना गरी आवश्यकता र आर्थिक श्रोतको उपलब्धताको आधारमा रकम जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

१४०. नगरपालिका र वडा कार्यालयहरूबाट संकलन गरिने कर, दस्तुर, सेवा शुल्कजस्ता कर तथा गैहकर राजस्व संकलनको कार्यलाई सहज र सूचना प्रविधिमैत्री बनाई राजस्व लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई चुस्त बनाउन आगामी आर्थिक वर्षको शुरूदेखि नै नगरपालिका र अन्तर्गतका वडाहरूमा Web Based सफ्टवेयर जडान गरी प्रयोगमा ल्याउने व्यवस्था मिलाईनेछ।

१४१. नगरपालिकाबाट तोकिए बमोजिमका सेवा शुल्क, कर तथा दस्तुरहरू सहज, सरल र नियमित रूपमा बुझाउने करदातालाई प्रोत्साहन गरिनेछ ।

१४२. नगरपालिकाबाट तयार गरिएको डिजिटल प्रोफाइलमा वडा कार्यालयहरूबाट तथ्याङ्क अद्यावधिक गरी यसलाई सुचनाको श्रोतको रूपमा उपयोग गरिनेछ ।

१४३. नगरपालिका क्षेत्रभित्र भवन तथा सडक निर्माण गर्दा शहरी विकास तथा भवन निर्माण मापदण्ड र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको भवन निर्माण सम्बन्धी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१४४. नगरपालिकामा कार्यरत स्थानीय तह तर्फका स्थायी कर्मचारीहरूको योगदानमा आधारित अवकाश कोषमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ ।

१४५. नगरपालिकाको विद्यमान दरबन्दी तथा संगठन संरचनामा पुनरावलोकन गरी कार्यमूलक, चुस्त र प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) को कार्य सम्पन्न गरिनेछ ।

१४६. नगरपालिकाबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१४७. नगरपालिका र अन्तर्गतका वडामा कार्यरत पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्न कम्प्युटर लगायतका अन्य तालिम कार्यक्रम संचालन गरिनेछ । यसबाट नगरपालिका र वडाको काम सूचना प्रविधिमा आधारित भई सेवाको गुणस्तर र नागरिक सन्तुष्टीको स्तर वृद्धि हुने हुनेछ ।

१४८. नगरपालिकाका विषयमा कलम चलाउने र यसका गतिविधिलाई नियमित रूपमा पाठकहरू समक्ष पुऱ्याउने कार्यमा योगदान गर्ने लेखक, पत्रकार, संचारकर्मी तथा मिडियासँग आवश्यकता अनुसार सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४९. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता भएका उद्योग, व्यापार व्यवसाय, संघ संस्था, वित्तिय तथा सहकारी संस्थाहरू समेतको विवरण अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१५०. नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा, त्यस्तो सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क, सेवा प्रदान गर्ने जिम्मेवार शाखा एवम् पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको विद्युतीय नागरिक वडापत्र तयार गरी क्रमशः नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूमा समेत बिस्तार गर्ने व्यवस्था मिलाईनेछ ।

१५१. वडा कार्यालयहरूबाट प्रदान गरिने सेवा सुविधालाई सुरक्षित, प्रविधिमैत्री तथा अनुगमनयोग्य बनाउनका लागि आफ्नो भवन भएका वडा कार्यालयहरूमा सि.सि.टि.भि. जडान गर्ने कार्यलाई क्रमशः अगाडि वढाईनेछ ।

१५२. नगरपालिकाको शान्ति सुरक्षा व्यवस्थालाई भरपर्दो बनाउनका लागि बयरघारी बजार क्षेत्रमा इलाका प्रहरी कार्यालय र वडा नं. ३ लगायतका अन्य आवश्यक स्थानहरूमा प्रहरी चौकी स्थापना गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

१५३. नगरक्षेत्रमा बिगतदेखि प्रचलनमा रहेका करका दर र दायरालाई आवश्यकता अनुसार परिमार्जन गरी नगरक्षेत्र भित्र बिगतमा मापदण्ड विपरित बनेका संरचनाहरूलाई करको दायरामा ल्याउने व्यवस्था मिलाईनेछ ।

१५४. भीरकोट नगरपालिका अन्तर्गतका सरकारी कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था र सामुदायिक भवनहरूमा क्रमशः Free Wi-Fi जडान गर्ने कार्यको शुरूवात गरिनेछ ।

१५५. नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण वडामा निर्माण भएका घरहरूमा घर नं. अंकित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

अन्त्यमा, आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, संचारकर्मी, निजी क्षेत्र, नागरिक समाजका व्यक्तित्वहरू, संघ संस्था प्रमुखहरू लगायत सम्पूर्ण सरोकारवाला महानुभावहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

# परिच्छेद-३ : आर्थिक वर्ष २०७८/७९ को बजेट बक्तव्य

**आदरणीय सभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू तथा संचारकर्मी मित्रहरू,**

१. भीरकोट नगरपालिकाको नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०७८।७९ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेकी छु ।

२. कोभिड-१९ महामारीले सिर्जना गरेको हाम्रो जीवनकालकै सर्वाधिक चुनौतीपूर्ण परिस्थितिमा भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्दैछु । यस अवसरमा म मुलुकको अग्रगामी परिवर्तन, प्रजातन्त्र र लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि इतिहासका विभिन्न काल खण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. यस नगरपालिकाको आठौं नगरसभामा बजेट प्रस्तुत गरिरहँदा कोभिड-१९ महामारीबाट नागरिकको जीवन रक्षा गर्ने र भीरकोट नगरपालिकाको अर्थतन्त्रलाई गतिशील बनाउने गहन जिम्मेवारी बोध भएको छ । विगत ४ वर्षको अथक प्रयासबाट हाँसिल भएका उपलब्धिहरूलाई संस्थागत गर्न र नगरपालिकाको विकास र समृद्धिको यात्रालाई निरन्तरता दिने मार्गमा कोभिड-१९ महामारीका कारण धक्का पुगेको छ । यस सम्बन्धमा जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संघ संस्था र सञ्चारकर्मी तथा आम नागरिकको प्रत्यक्ष एवम् परोक्ष सहयोग र ऐक्यबद्धताले वर्तमान चुनौतीको सामना गर्न सकिने कुरामा हामी विश्वस्त छौं ।

४. आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित अन्य कानूनहरू, पन्ध्रौं योजना, दीगो विकास लक्ष्य तथा आठौं नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रूपमा लिएको छ । यसका अतिरिक्त राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संघ संस्था तथा विद्धत वर्ग एवम् पेशाविद्हरूबाट प्राप्त राय सुझाबहरूलाई समेत समावेश गरी बजेट तर्जुमा गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०७८/७९ को हाल सम्मको प्रगति प्रतिवेदन संक्षिप्त रूपमा सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०७७/७८ मा **चालु खर्च तर्फ** रू.११ करोड ३२ लाख ९९ हजार बजेट विनियोजन भएकोमा हालसम्म रू. ८ करोड ६१ लाख ६७ हजार अर्थात करिब ७५ प्रतिशत खर्च भएको छ ।

**त्यसैगरी पूँजीगत खर्च तर्फ** रू.९ करोड ८४ लाख बजेट विनियोजन भएकोमा रू.६ करोड ५९ लाख २८ हजार अर्थात करिब ६७ प्रतिशत खर्च भएको छ ।

**सशर्त अनुदान र सामाजिक सुरक्षातर्फ** रू.३६ करोड ८१ लाख प्राप्त भएकोमा रू. २३ करोड ४ लाख अर्थात करिब ६३ प्रतिशत खर्च भएको छ ।

चालु आर्थिक वर्षमा कुल **रू. ५७ करोड ९७ लाख ९९ हजार बजेट विनियोजन** भएकोमा हालसम्म **रू. ३८ करोड २४ लाख ९५ हजार** अर्थात करिब ६६ प्रतिशत खर्च भएको छ । खर्च व्यहोर्ने स्रोत अन्तर्गत आन्तरिक राजस्वतर्फ रू. २ करोड ३० लाख संकलन गर्ने लक्ष्य रहेकोमा हालसम्म रू. १ करोड ४५ लाख अर्थात लक्ष्यको तुलनामा करिब ६३ प्रतिशत राजस्व संकलन भएको छ । त्यसैगरी संघीय तथा गण्डकी प्रदेश सरकारबाट राजश्व बाडँफाँट बापत रू. ७ करोड ४४ लाख ४९ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. ५ करोड ८५ लाख ९९ हजार मात्र अर्थात करिब ७९ प्रतिशत रकम प्राप्त भएको छ । चालु आर्थिक वर्षको जेठ र असार महिनामा संघीय तथा गण्डकी प्रदेश सरकारबाट राजस्व बाँडफाँट बापतको रकम प्राप्त हुँदा लक्ष्यको नजिक पुग्ने अपेक्षा गरिएको छ । लक्ष्य अनुरूप आन्तरिक राजस्व संकलनमा कमी हुँदा र राजस्व बाँडफाँट बापत प्राप्त हुने अनुमान गरिएको रकम प्राप्त नहुँदा चालु आर्थिक वर्षका योजना तथा कार्यक्रमहरू तोकिएको समयमा सम्पन्न गर्न कठिनाई हुन गएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

अब म भीरकोट नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छनः

क) कोभिड-१९ को महामारीबाट भीरकोटबासी नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,

ख) भीरकोट नगरपालिकाको अर्थतन्त्रको शीघ्र पुनरूत्थान गर्न आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यलाई तीब्रता दिने,

ग) उपलब्ध स्रोत, साधन तथा अवसर र क्षमताको उच्चतम परिचालन गरी नगरपालिकाको समग्र विकासको गतिलाई निरन्तरता दिने ।

घ) आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको विकास गरि समृद्ध भीरकोट सुखी भीरकोटबासीको अभियानलाई पूर्णता दिने।

ङ) भीरकोटबासी नागरिकहरूका आधारभूत आवश्यकताहरूको परीपूर्ति गर्ने ।

प्रस्तुत बजेटका उद्देश्यहरू हासिल गर्न देहायका प्राथमिकता निर्धारण गरिएको छः

- क) कोभिड-१९ समेतका संक्रामक रोगहरूको नियन्त्रण, रोकथाम र उपचारका लागि परीक्षणको दायरा बिस्तार, उपचारको व्यवस्था, स्वास्थ्य उपकरण तथा सामग्रीको आपूर्ति एवम् स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालन,
- ख) व्यवसायिक कृषिलाई प्रोत्साहन गर्दै आधुनिक कृषि प्रविधि, उपकरण र उन्नत बिउ र मलको सहज उपलब्धता सुनिश्चित गरी कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि,
- ग) स्वच्छ पिउनेपानी, प्राविधिक एवम् गुणस्तरीय शिक्षा, सूचना प्रविधिको विकास लगायत सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको निर्माण,
- घ) सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न उपचारको व्यवस्था, स्वास्थ्य सेवाको दायरा बिस्तार र स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण तथा स्तरोन्नति,
- ङ) कोभिड-१९ महामारीको कारण रोजगारी गुमाएका बेरोजगार यूवा यूवतीहरूको लागि रोजगारीको अवसर सृजना हुने योजना तथा कार्यक्रमहरूको सञ्चालन ।

**सभाध्यक्ष महोदय,**

अब म समग्र नगरपालिकाको बजेट तथा कार्यक्रमलाई क्षेत्रगत रूपमा विनियोजन गरी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## पूर्वाधार विकास

१. संघीय सरकार र गण्डकी प्रदेश सरकार समेतको सहलगानीमा नगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न गरी नवनिर्मित भवनबाट सेवा आरम्भ गरिएको छ । सिद्धार्थ राजमार्गदेखि नगरपालिका भवन जोड्ने सडक निर्माण र कार्यालय परिसरको बगैचा निर्माण तथा सजावटको लागि गण्डकी प्रदेश सरकारबाट समपूरक अनुदान शीर्षकमा प्राप्त रू.८० लाख र नगरपालिकाको रू. ५३ लाख गरी जम्मा रू. १ करोड ३३ लाख विनियोजन गरिएको छ ।

२. भीरकोट नगरपालिकाको नवनिर्मित प्रशासनिक भवन, वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूको फनिसिङ्गको लागि रू. ४२ लाख विनियोजन गरिएको छ ।

३. संघीय समपूरक अनुदान शीर्षकबाट गडहरे गुफाको पहिलो चरणको पूर्वाधार निर्माणको काम सम्पन्न गरी बाँकी पूर्वाधार निर्माण गर्न बोलपत्र आह्वान भई खरिद सम्झौता समेत सम्पन्न भईसकेको छ । संघीय सरकारको लागत साझेदारीमा बाँकी निर्माण कार्य सम्पन्न गर्न रू. २ करोड ४३ विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

४. बस्ती तथा वडास्तरबाट प्राथमिकताक्रम तोकि आएका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि प्रत्येक वडा कार्यालयहरूलाई रू. २० लाखका दरले रकम विनियोजन गरिएको छ ।

५. नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको कार्यान्वयन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउन सवारी साधनको आवश्यकता वोध भई सवारी साधन खरिदको लागि रू १० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

६. आर्थिक वर्ष २०७८/७९ मा नगरपालिकाको स्रोत र साधनबाट कार्यान्वयन हुन नसक्ने आयोजना तथा कार्यक्रमहरूको आयोजना बैंक तयार गरी कार्यान्वयनको लागि प्रदेश तथा संघीय सरकारसंग अनुरोध गर्ने व्यवस्था मिलाइएको छ।

७. वडा कार्यालय भवन नभएका वडाहरूमा भवन निर्माण कार्य सुरू गर्नको लागि रू. ३० लाख विनियोजन गरिएको छ ।

८. नगरका अधुरा आयोजनाहरूलाई पुर्णता दिन तथा तत्काल गर्नुपर्ने विकास निर्माणका कार्यहरू सञ्चालन गर्न नगरक्षेत्र पूर्वाधार शीर्षकमा रू. ७२ लाख विनियोजन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

९. भीरकोट नगरक्षेत्र भित्रका सडकहरूको बर्गीकरण र नक्साङ्कन गरी मापदण्ड कायम गर्ने समेतका कार्य गर्न नगर सडक यातायात गुरूयोजना (MTMP) तयारीको लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

१०. संघीय सरकारको विशेष अनुदान शीर्षकबाट रू. ३ करोडको लगानीमा नगरपालिकाको फोहोरमैला व्यवस्थापन केन्द्र र पार्क निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । निर्मित संरचनाको स्तरोन्नतिको लागि रकम विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

११. सम्बन्धित उपभोक्ताहरूको नगद लागत साझेदारी रहने गरी बजार क्षेत्रका सडकहरूको स्तरोन्नति गर्न र रणनीतिक महत्वका ग्रामिण सडकहरूको मर्मत सम्भारको लागि सडक पूर्वाधार तथा स्तरोन्नति शीर्षकमा रू. ८५ लाख बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१२. भीरकोट नगरक्षेत्रभित्र बाढी पहिरोबाट क्षतिग्रस्त सडकहरूको मर्मत सम्भार गरी सवारी आवागमनलाई सहज बनाउने कार्यका लागि नगर क्षेत्रका सडक सरसफाई शीर्षकमा रू. ५० लाख विनियोजन गरिएको छ ।

१३. बस्तीस्तरबाट छनोट भई वडा कार्यालयहरूबाट नगरस्तरीय योजनामा समावेश गर्न प्राथमिकता तोकी प्राप्त भएका योजना तथा कार्यक्रमहरूको लागि रू. १ करोड २६ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

**सामाजिक विकासः**

१४. जेष्ठ नागरिकहरूसँग भेटघाट गरी उनीहरूको ज्ञान, सीप र अनुभवको आदान प्रदान गर्नुका साथै उनीहरूको सम्मानका कार्यक्रमहरू संचालन गर्नको लागि जेष्ठ नागरिक उत्थान कार्यक्रममा रू. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१५. भीरकोट नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगरपालिका बनाउन विपन्न र अति गरीब घर परिवारको पूर्व पहिचान गरी आवश्यकता र मागको आधारमा न्यूनतम शौचालय निर्माण सामाग्री तथा आवश्यकता अनुसारका अन्य निर्माण सामग्री उपलब्ध गराउन रू. ४० लाख विनियोजन गरेको छु ।

१६. महिला तथा बालबालिकाको क्षमता विकास र सशक्तीकरणका लागि संघीय सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त महिलाहरूको सीप र क्षमता विकासको लागि महिलासंग उपमेयर शीर्षकमा रू. २० लाख विनियोजन गरेको छु ।

१७. भीरकोट नगरपालिका अन्तर्गतका सामूदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा सुधार एवम् शैक्षिक गुणस्तर वृद्धिका लागि संघीय सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त शैक्षिक गुणस्तर सुधारको लागि शिक्षा विकास कार्यक्रममा रू. २० लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

१८. भीरकोट नगरपालिका भित्रका सामुदायिक क्याम्पसमा अध्ययनरत गरीब तथा जेहन्दार विद्यार्थीहरूलाई छात्रबृत्ती वितरण गर्न रू. २ लाख २५ हजार विनियोजन गर्ने व्यवस्था मिलाइएको छ।

१९. भीरकोट नगरपालिकालाई मिति २०७७।११।२२ गते बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएकोमा यसको निरन्तरता र दिगोपनाको लागि बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम शीर्षकमा रू. १० लाख विनियोजन गरेको छु ।

२०. नगरपालिकामा रहेका दलित, मुस्लिम तथा अल्पसंख्यक जातजातिहरूको परम्परागत सीप, व्यवसायको संरक्षण, सम्बर्द्धन एवम् उनीहरूको सीप र क्षमता विकासको लागि रू. २० लाख विनियोजन गरेको छु ।

२१. नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै संघीय सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त अत्यावश्यक औषधी खरिद, महिला स्वास्थ्य स्वयंसेविककाहरूलाई प्रोत्साहन तथा गर्भवती महिलाहरूलाई अण्डा वितरण गर्ने समेतका कार्यको लागि स्वास्थ्य सम्बन्धी कार्यक्रम शीर्षकमा रू. ३० लाख विनियोजन गरेको छु ।

२२. भीरकोट नगरपालिकाबाट स्वीकृत स्थानीय पाठ्यक्रमको आधारमा कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाईको कार्य सम्पन्न गरी नगर क्षेत्रका सम्पूर्ण सामूदायिक तथा संस्थागत विद्यालयहरूमा चालु शैक्षिक सत्रको शुरूदेखि नै पाठ्यपुस्तक वितरण र पठनपाठको व्यवस्था मिलाउन स्थानीय पाठ्यक्रम लेखन तथा छपाई शीर्षकमा रू. १८ लाख विनियोजन गरेको छु ।

२३. नगरक्षेत्र भित्र वसोवास गर्ने फरक क्षमता भएका अपाङ्ग तथा असहाय नागरिकहरूको तथ्याङ्क अद्यावधिक गरी उनीहरूको सीप तथा क्षमता विकासका लागि अपाङ्ग प्रवर्द्धन कार्यक्रम शीर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२४. बालबालिका तथा युवायुवतीहरूको शारीरिक र मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियोगिता सञ्चालन गर्न र आवश्यकता अनुसार खेलकुद मैदानको स्तरोन्नति एवम् खेलकुद सामग्री वितरण गर्ने कार्यका लागि युवा तथा खेलकुद कार्यक्रम शीर्षकमा रू. २५ लाख विनियोजन गरिएको छ ।

**आर्थिक विकासः**

२५. कृषि र पशुंपक्षी क्षेत्रको एकिकृत विकासका लागि संघीय सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त रू. १ करोड १ लाख, विशेष अनुदान शीर्षकमा प्राप्त रू. १ करोड २५ लाख र नगरपालिकाको रू. २० लाख समेत गरी कुल रू. २ करोड ४६ लाख विनियोजन गरिएको छ ।

२६. नगरपालिका र सम्बन्धित कृषकको ५०/५० प्रतिशत लागत साझेदारीमा कृषि तथा पशुपालन व्यवसायमा संलग्न व्यवसायिक कृषकहरूलाई कृषि औजार, प्लाष्टिक टनेल, मल, बिउ र बेर्ना उपलब्ध गराउने व्यवस्था मिलाईएको छ ।

२७. धार्मिक तथा पर्यटकीय विकासका सम्भावना बोकेका स्थलहरूको विकास र प्रवर्द्धन गर्न रू. १५ लाख विनियोजन गरेको छु ।

२८. स्थानीय स्तरमा लघु उद्यमी तयार गरी उनीहरूको ज्ञान, सीप र क्षमताको आधारमा लघु उद्योग स्थापना मार्फत स्थानीय स्तरमा रोजगारी सिर्जनामा सहयोग पुऱ्याउन संघीय सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त रकमको अतिरिक्त उद्यम विकास कार्यक्रम शीर्षकमा रू. १५ लाख विनियोजन गरिएको छ ।

२९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रमा रहेका बेरोजगार युवा युवतीहरूलाई रोजगारी सृजना हुने खालका श्रममूलक आयोजनाहरू कार्यान्वयन गर्दा नगरपालिकाबाट बस्तुगत सहायता उपलब्ध गराउने कार्यका लागि मेयरसंग रोजगार शीर्षकमा रू. २० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

**वातावरण तथा विपद् व्यवस्थापनः**

३०. संघीय तथा गण्डकी प्रदेश सरकारसंगको लागत साझेदारीमा आँधीखोला नियन्त्रण तथा तटबन्धन गर्ने कार्यका लागि नदी नियन्त्रण कार्यक्रम शीर्षकमा रू. १५ लाख विनियोजन गरिएको छ ।

३१. विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण एवम् संक्रमित नागरिकहरूको उपचारको लागि कोरोना व्यवस्थापन तथा प्रतिरक्षा कार्यक्रम शीर्षकमा रू. ३५ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

३२. मानवीय तथा प्राकृतिक कारणले उत्पन्न विपद्को व्यवस्थापन एवम् उद्धार सामग्री खरिद गरी तत्काल राहत उपलब्ध गराउन दैविप्रकोप तथा विपद् व्यवस्थापन शीर्षकमा रू. २० लाख विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकासः**

३३. नगरपालिकाबाट सम्पादन हुने कामलाई पारदर्शी बनाई जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिक प्रति उत्तरदायी बनाउनका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण लगायतका कार्यक्रमहरू संचालन गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३४. नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरूको सीप तथा क्षमता विकासका लागि आवश्यक रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

३५. नगर तथा वडास्तरीय योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्वाचित पदाधिकारी, कर्मचारी र उपभोक्ता समितिमा रहेका पदाधिकारीहरूलाई कार्यक्रम कार्यान्वयन र अनुगमनसँग सम्बन्धित विषयमा क्षमता विकास गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

३६. नगरपालिका र वडा कार्यालयहरूबाट संकलन गरिने कर, दस्तुर, सेवा शुल्कजस्ता कर तथा गैरकर राजस्व संकलनको कार्यलाई सहज र सूचना प्रविधिमैत्री बनाई राजस्व लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई चुस्त बनाउन आगामी आर्थिक वर्षको शुरूदेखि नै नगरपालिका र अन्तर्गतका वडाहरूमा Web Based सफ्टवेयर जडान गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

३७. आगामी आर्थिक वर्ष २०७८/७९ का नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रू. ६८ करोड २६ लाख ४७ हजार विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालु खर्चतर्फ रू. ३९ करोड ११ लाख ६७ हजार अर्थात ५७.३० प्रतिशत रहेकोमा सशर्त अनुदानतर्फको चालु खर्च रू. २४ करोड ७७ लाख अर्थात ३६.२८ प्रतिशत र नगरपालिकातर्फको चालु खर्च रू. १४ करोड ३४ लाख ६७ हजार अर्थात २१.०२ प्रतिशत रहेको छ । त्यसैगरी कुल विनियोजनमध्ये पूंजीगत खर्चतर्फ रू. १४ करोड १४ लाख ८० हजार अर्थात २०.७३ प्रतिशत र सामाजिक सुरक्षा खर्चतर्फ रू. १५ करोड अर्थात २१.९७ प्रतिशत रहेको छ ।

३८. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट रू. ३ करोड ५० लाख, संघीय सरकार र गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट रू. ८ करोड २६ लाख ९२ हजार, अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रू. ५५ करोड ७४ लाख ५५ हजार र अन्य स्रोतबाट रू. ७५ लाख व्यहोरिनेछ ।

**सभाध्यक्ष महोदय,**

३९. भीरकोट नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमामा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, नागरिक समाजका प्रतिनिधि, पत्रकार मित्रहरू र भीरकोटबासी सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरूबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटको कार्यान्वयनमा समेत सोही अनुसारको रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

४०. अन्त्यमा, स्वास्थ्य सावधानी अपनाई कोभिड-१९ महामारीको जोखिमबाट सुरक्षित रहँदै भीरकोट नगरपालिकाको समग्र विकासको अभियानमा सहभागी हुन सम्पूर्ण भीरकोटबासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरूलाई हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।

**सिमा के.सी. कर्माचार्य**
**उप-प्रमुख**
**भीरकोट नगरपालिका**
**बयरघारी, स्याङ्जा ।**

# अनुसूचीहरू

# अनुसूची-१
# आय व्ययको विवरण
# आर्थिक वर्ष २०७८।७९

(रू. हजारमा)

| शीर्षक | | गत आ.व. २०७६।७७ को यथार्थ | चालु आ.व. २०७७।७८ को संशोधित अनुमान | आगामी आ.व. २०७८।७९ को अनुमान |
|---|---|---|---|---|
| **आय** | | | | |
| **क.** | **राजस्व** | **६०४८५** | **९७४४९** | **११७६९२** |
| **१** | **आन्तरिक राजस्व** | **९३६३** | **२३०००** | **३५०००** |
| १.१ | सम्पत्ति कर | ५०० | ८०० | १००० |
| १.२ | भूमीकर (मालपोत) | १००० | १००० | १२५० |
| १.३ | नदीजन्य सामग्री बिक्री | ३५०० | १५७०० | २६५०० |
| १.४ | व्यवसाय कर | ४५० | ५०० | ७५० |
| १.५ | सिफारिस दस्तुर | ७५० | ८५० | १००० |
| १.६ | घर बहाल कर | १५० | ३५० | ५०० |
| १.७ | घर जग्गा रजिष्ट्रेसन शुल्क | १२०० | १३०० | १५०० |
| १.८ | अन्य राजस्व | १८१३ | २५०० | २५०० |
| **२** | **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **५११२२** | **७४४४९** | **८२६९२** |
| २.१ | संघीय सरकारबाट प्राप्त | ४८०८८ | ७०९८१ | ७१४८१ |
| २.२ | गण्डकी प्रदेश सरकारबाट प्राप्त | ३०३४ | ३४६८ | ११२११ |
| **ख.** | **अन्तर-सरकारी वित्तीय हस्तान्तरण** | **२८३३५९** | **३३१५३८** | **४०७४५५** |
| १ | संघीय समानीकरण अनुदान | १०१४०० | १०२२०० | १०८००० |
| २ | संघीय सशर्त अनुदान | १४३३०१ | १७४३८८ | २५८००० |
| ३ | संघीय समपूरक अनुदान | ६३०० | ७९०० | ६६०० |
| ४ | संघीय विशेष अनुदान | १५००० | २५००० | १२५०० |
| ५ | गण्डकी प्रदेश समानीकरण अनुदान | १२३५८ | १२०५० | १२३५५ |
| ६ | गण्डकी प्रदेश सशर्त अनुदान | ० | ० | २००० |
| ७ | गण्डकी प्रदेश समपूरक अनुदान | ५००० | १०००० | ८००० |
| **ग.** | **अन्य** | **९७१००** | **१०८७००** | **१५७५००** |
| १ | सामाजिक सुरक्षा भत्ता | ९४५०० | १०२२०० | १५०००० |
| २ | सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम | २६०० | ६५०० | ६५०० |
| ३ | गत वर्षको नगद मौज्दात | ० | ० | १००० |
| **आय तर्फको जम्मा** | | **४४०९४४** | **५३७६८७** | **६८२६४७** |
| **व्यय** | | | | |
| क. | चालु खर्च | ३३११२९ | ४३९२८७ | ५४११६७ |
| ख. | पूंजिगत खर्च | १०९८१५ | ९८४०० | १४१४८० |
| **व्यय तर्फको जम्मा** | | **४४०९४४** | **५३७६८७** | **६८२६४७** |

## अनुसूची-२
## राजस्व तथा अनुदान प्राप्तिको अनुमान
## आर्थिक वर्ष २०७८।७९

(रू. हजारमा)

| शीर्षक | | गत आ.व. २०७६।७७ को यथार्थ | चालु आ.व. २०७७।७८ को संशोधित अनुमान | आगामी आ.व. २०७८।७९ को अनुमान |
|---|---|---|---|---|
| **क.** | **राजस्व** | **१५७५८५** | **२०६१४९** | **२७५१९२** |
| **१** | **आन्तरिक राजस्व** | **९३६३** | **२३०००** | **३५०००** |
| १.१ | सम्पत्ति कर | ५०० | ८०० | १००० |
| १.२ | भूमीकर (मालपोत) | १००० | १००० | १२५० |
| १.३ | नदीजन्य सामग्री बिक्री | ३५०० | १५७०० | २६५०० |
| १.४ | व्यवसाय कर | ४५० | ५०० | ७५० |
| १.५ | सिफारिस दस्तुर | ७५० | ८५० | १००० |
| १.६ | घर बहाल कर | १५० | ३५० | ५०० |
| १.७ | घर जग्गा रजिष्ट्रेसन शुल्क | १२०० | १३०० | १५०० |
| १.८ | अन्य राजस्व | १८१३ | २५०० | २५०० |
| **२** | **राजस्व बाँडफाँड** | **५११२२** | **७४४४९** | **८२६९२** |
| २.१ | संघीय सरकारबाट प्राप्त | ४८०८८ | ७०९८१ | ७१४८१ |
| २.२ | गण्डकी प्रदेश सरकारबाट प्राप्त | ३०३४ | ३४६८ | ११२११ |
| **३** | **अन्य आय** | **९७१००** | **१०८७००** | **१५७५००** |
| ३.१ | बेरूजु असुली | ० | ० | ० |
| ३.२ | सामाजिक सुरक्षा भत्ता | ९४५०० | १०२२०० | १५०००० |
| ३.३ | सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम | २६०० | ६५०० | ६५०० |
| ३.४ | गत वर्षको नगद मौज्दात | ० | ० | १००० |
| **ख.** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **२८३३५९** | **३३१५३८** | **४०७४५५** |
| **१** | **संघीय सरकारबाट प्राप्त अनुदान** | **२६६००१** | **३०९४८८** | **३८५१००** |
| १.१ | वित्तीय समानीकरण अनुदान | १०१४०० | १०२२०० | १०८००० |
| १.२ | सशर्त अनुदान | १४३३०१ | १७४३८८ | २५८००० |
| १.३ | समपूरक अनुदान | ६३०० | ७९०० | ६६०० |
| १.४ | विशेष अनुदान | १५००० | २५००० | १२५०० |
| **२** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **१७३५८** | **२२०५०** | **२२३५५** |
| २.१ | वित्तीय समानीकरण अनुदान | १२३५८ | १२०५० | १२३५५ |
| २.२ | सशर्त अनुदान | ० | ० | २००० |
| २.३ | समपूरक अनुदान | ५००० | १०००० | ८००० |
| २.४ | विशेष अनुदान | ० | ० | ० |
| **३** | **अन्य स्थानीय तहबाट प्राप्त अनुदान** | **०** | **०** | **०** |
| ३.१ | सशर्त अनुदान | ० | ० | ० |
| ३.२ | समपूरक अनुदान | ० | ० | ० |
| ३.३ | विशेष अनुदान | ० | ० | ० |
| **ग.** | **जनसहभागिता** | **०** | **०** | **०** |
| १ | नगद सहभागिता | ० | ० | ० |
| २ | श्रम तथा बस्तुगत सहायता | ० | ० | ० |
| **कुल जम्मा** | | ४४०९४४ | ५३७६८७ | ६८२६४७ |

# अनुसूची-३
# आर्थिक वर्ष २०७८।७९
# चालु खर्चको विवरण

(रू. हजारमा)

| शीर्षक | | गत आ.व. २०७६।७७ को यथार्थ | चालु आ.व. २०७७।७८ को संशोधित अनुमान | आगामी आ.व. २०७८।७९ को अनुमान |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| **खर्च शीर्षक** | **खर्च संकेत नं.** | | | |
| पारिश्रमिक कर्मचारी | २११११ | १३८९३ | १४२०० | १६००० |
| पारिश्रमिक पदाधिकारी | २१११२ | ९००० | ११००० | १५००० |
| कर्मचारी पोशाक | २११२१ | ७५० | ७०० | ८०० |
| महंगी भत्ता | २११३२ | ६३१ | ६०० | ७०० |
| कर्मचारी फिल्ड भत्ता | २११३३ | ० | ० | ४० |
| कर्मचारी बैठक भत्ता | २११३४ | ० | १५०० | १५०० |
| कर्मचारी अन्य भत्ता | २११३९ | ३१२० | १९०० | २००० |
| पदाधिकारी बैठक भत्ता | २११४१ | १०० | २०० | ९०० |
| योगदानमा आधारित बिमा कोष खर्च | २१२१३ | ० | २०० | २०० |
| कर्मचारी कल्याण कोष | २१२१४ | ३८३ | ५०० | ५०० |
| पानी बिजुली | २२१११ | ३६५ | ६०० | ११५६ |
| सञ्चार महशुल | २२११२ | १००० | १२०० | २००० |
| इन्धन (पदाधिकारी) | २२२११ | ३०४३ | २००० | ४००० |
| इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | ३४८२ | ६७०० | १०००० |
| सवारी साधन मर्मत खर्च | २२२१३ | २६०० | ४८०० | ६००० |
| बिमा तथा नवीकरण खर्च | २२२१४ | १५१ | ५०० | ५०० |
| मेशीनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | २२२२१ | ५०० | ६०० | ६०० |
| निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२२३१ | ५०० | ५० | ५०० |
| मसलन्द तथा कार्यालय सामग्री | २२३११ | ५००० | ४५०० | ६५०० |
| इन्धन अन्य प्रयोजन | २२३१४ | ४१ | १०० | २०० |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | १५०० | २३०० | २५०० |
| सेवा र परामर्श खर्च | २२४११ | ३००० | ३७०० | ४००० |
| सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | ५०० | ५०० | ६६६ |
| करार सेवा शुल्क | २२४१३ | १२३३५ | १४१०० | १६००० |
| सरसफाइ सेवा शुल्क | २२४१४ | ४२८ | ५०० | १००० |
| अन्य सेवा शुल्क | २२४१९ | १२० | १०० | २०० |
| कर्मचारी तालीम खर्च | २२५११ | २०७ | ५०० | १००० |
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च | २२५१२ | १०६६ | ० | १६५० |
| कार्यक्रम खर्च | २२५२२ | २२८०० | २७५३५ | ३५०५० |
| विविध कार्यक्रम | २२५२९ | १५०० | ३५०० | १००० |
| अनुगमन मूल्यांकन खर्च | २२६११ | २००० | २००० | ३००० |

| | | | | |
|---|---|---|---|---|
| भ्रमण खर्च | २२६१२ | ८६६ | ३०० | ३०० |
| विविध खर्च | २२७११ | २३०० | २३०० | १८०० |
| सभा सञ्चालन खर्च | २२७२१ | ५०० | ५०० | ५०० |
| धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २५३१४ | ० | १७८० | २२८० |
| अन्य संस्था सहायता | २५३१५ | ५१० | ५०० | १००० |
| छात्रवृत्ति | २७२११ | ० | २२५ | २२५ |
| जग्गाको भाडा | २८१४१ | ४१० | ४०० | ५०० |
| घरभाडा | २८१४२ | १४९१ | ११०० | ५०० |
| सवारी तथा मेशीनरी औजार भाडा | २८१४३ | १५०० | १२०० | ७०० |
| भैपरी आउने चालु खर्च | २८९११ | ३७ | ० | ५०० |
| **चालु खर्चको जम्मा** | | **९७६२९** | **११४८९०** | **१४३४६७** |
| **अन्य** | | | | |
| संघीय सशर्त/समपूरक/विशेष अनुदानतर्फको जम्मा | | १३३४०० | २१६७९७ | २७७१०० |
| प्रदेश सशर्त/समपूरक/विशेष अनुदानतर्फको जम्मा | | ६३०० | ६४०० | १०००० |
| सामाजिक सुरक्षा भत्ता | | ९१२०० | ९४७०० | १५०००० |
| सडक बोर्ड तथा अन्य | | २६०० | ६५०० | ७५०० |
| **जम्मा** | | **२३३५००** | **३२४३९७** | **४४४६००** |
| **पूंजीगत खर्च** | | | | |
| गैर आवासीय भवन निर्माण/खरिद | ३१११२ | ३२००० | ७१०० | ४००० |
| सवारी साधन | ३११२१ | १४८०२ | ४६५६ | १००० |
| मेशीनरी तथा औजार | ३११२२ | १००० | ६००० | १५०० |
| फर्निचर तथा फिक्चर्स | ३११२३ | १००० | ६३२० | ४२०० |
| कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | ३११३४ | ० | ० | ५०० |
| अन्य सार्वजनिक निर्माण | ३११५९ | ६१०१३ | ७४३२४ | ८०५०० |
| जग्गा प्राप्ति खर्च | ३१४११ | ० | ० | २५०० |
| भैपरी आउने पूंजीगत | ३१५११ | ० | ० | ३८० |
| **पूंजीगत खर्चको जम्मा** | | **१०९८१५** | **९८४००** | **९४५८०** |
| **कुल जम्मा** | | **४४०९४४** | **५३७६८७** | **६८२६४७** |

# अनुसूची-४

# प्रस्तावित ब्यय अनुमान

## आ.व.२०७८/०७९

(रू. हजारमा)

| शीर्षक | | गत आ.व. २०७६।७७ को यथार्थ | चालु आ.व. २०७७।७८ को संशोधित अनुमान | आगामी आ.व. २०७८।७९ को अनुमान |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| **खर्च शीर्षक** | **खर्च संकेत नं.** | | | |
| पारिश्रमिक कर्मचारी | 21111 | 13893.00 | 14200.00 | 16000.00 |
| पारिश्रमिक पदाधिकारी | 21112 | 9000.00 | 11000.00 | 15000.00 |
| कर्मचारी पोशाक | 21121 | 750.00 | 700.00 | 800.00 |
| महंगी भत्ता | 21132 | 631.00 | 600.00 | 700.00 |
| कर्मचारी फिल्ड भत्ता | 21133 | 0.00 | 0.00 | 40.00 |
| कर्मचारी बैठक भत्ता | 21134 | 0.00 | 1500.00 | 1500.00 |
| कर्मचारी अन्य भत्ता | 21139 | 3120.00 | 1900.00 | 2000.00 |
| पदाधिकारी बैठक भत्ता | 21141 | 100.00 | 200.00 | 900.00 |
| योगदानमा आधारित बिमा कोष खर्च | 21213 | 0.00 | 200.00 | 200.00 |
| कर्मचारी कल्याण कोष | 21214 | 383.00 | 500.00 | 500.00 |
| पानी बिजुली | 22111 | 365.00 | 600.00 | 1156.00 |
| सञ्चार महशुल | 22112 | 1000.00 | 1200.00 | 2000.00 |
| इन्धन (पदाधिकारी) | 22211 | 3043.00 | 2000.00 | 4000.00 |
| इन्धन (कार्यालय प्रयोजन) | 22212 | 3482.00 | 6700.00 | 10000.00 |
| सवारी साधन मर्मत खर्च | 22213 | 2600.00 | 4800.00 | 6000.00 |
| बिमा तथा नवीकरण खर्च | 22214 | 151.00 | 500.00 | 500.00 |
| मेशीनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | 22221 | 500.00 | 600.00 | 600.00 |
| निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | 22231 | 500.00 | 50.00 | 500.00 |
| मसलन्द तथा कार्यालय सामग्री | 22311 | 5000.00 | 4500.00 | 6500.00 |
| इन्धन अन्य प्रयोजन | 22314 | 41.00 | 100.00 | 200.00 |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 22315 | 1500.00 | 2300.00 | 2500.00 |
| सेवा र परामर्श खर्च | 22411 | 3000.00 | 3700.00 | 4000.00 |
| सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 22412 | 500.00 | 500.00 | 666.00 |
| करार सेवा शुल्क | 22413 | 12335.00 | 14100.00 | 16000.00 |
| सरसफाइ सेवा शुल्क | 22414 | 428.00 | 500.00 | 1000.00 |
| अन्य सेवा शुल्क | 22419 | 120.00 | 100.00 | 200.00 |
| कर्मचारी तालीम खर्च | 22511 | 207.00 | 500.00 | 1000.00 |

| | | | | |
|---|---|---|---|---|
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | 22512 | 1066.00 | 0.00 | 1650.00 |
| कार्यक्रम खर्च | 22522 | 22800.00 | 27535.00 | 35050.00 |
| विविध कार्यक्रम | 22529 | 1500.00 | 3500.00 | 1000.00 |
| अनुगमन मूल्यांकन खर्च | 22611 | 2000.00 | 2000.00 | 3000.00 |
| भ्रमण खर्च | 22612 | 866.00 | 300.00 | 300.00 |
| विविध खर्च | 22711 | 2300.00 | 2300.00 | 1800.00 |
| सभा सञ्चालन खर्च | 22721 | 500.00 | 500.00 | 500.00 |
| धार्मिक तथा सांस्कृतिक संस्था सहायता | 25314 | 0.00 | 1780.00 | 2280.00 |
| अन्य संस्था सहायता | 25315 | 510.00 | 500.00 | 1000.00 |
| छात्रवृत्ति | 27211 | 0.00 | 225.00 | 225.00 |
| जग्गाको भाडा | 28141 | 410.00 | 400.00 | 500.00 |
| घरभाडा | 28142 | 1491.00 | 1100.00 | 500.00 |
| सवारी तथा मेशीनरी औजार भाडा | 28143 | 1500.00 | 1200.00 | 700.00 |
| भैपरी आउने चालु खर्च | 28911 | 37.00 | 0.00 | 500.00 |
| **चालु खर्चको जम्मा** | | **97629.00** | **114890.00** | **143467.00** |
| **अन्य** | | | | |
| संघीय सशर्त/समपूरक/विशेष अनुदानतर्फको जम्मा | | 133400.00 | 216797.00 | 277100.00 |
| प्रदेश सशर्त/समपूरक/विशेष अनुदानतर्फको जम्मा | | 6300.00 | 6400.00 | 10000.00 |
| सामाजिक सुरक्षा भत्ता | | 91200.00 | 94700.00 | 150000.00 |
| सडक बोर्ड तथा अन्य | | 2600.00 | 6500.00 | 7500.00 |
| **जम्मा** | | **233500.00** | **324397.00** | **444600.00** |
| **पूंजीगत खर्च** | | | | |
| गैर आवासीय भवन निर्माण/खरिद | 31112 | 32000.00 | 7100.00 | 4000.00 |
| सवारी साधन | 31121 | 14802.00 | 4656.00 | 1000.00 |
| मेशीनरी तथा औजार | 31122 | 1000.00 | 6000.00 | 1500.00 |
| फर्निचर तथा फिक्चर्स | 31123 | 1000.00 | 6320.00 | 4200.00 |
| कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | 31134 | 0.00 | 0.00 | 500.00 |
| अन्य सार्वजनिक निर्माण | 31159 | 61013.00 | 74324.00 | 83000.00 |
| भैपरी आउने पूंजीगत | 31511 | 0.00 | 0.00 | 380.00 |
| **पूंजीगत खर्चको जम्मा** | | **109815.00** | **98400.00** | **94580.00** |
| **कुल जम्मा** | | **440944.00** | **537687.00** | **682647.00** |

# परिच्छेद-४ : नगर सभाबाट आर्थिक वर्ष २०७८/७९ को लागि स्वीकृत योजना तथा कार्यक्रमहरू

## नगरस्तरीय योजना तथा कार्यक्रमहरू

| सि.नं. | योजना तथा कार्यक्रमको विवरण | खर्च संकेत नं. | विनियोजित बजेट (रू. हजारमा) |
|---|---|---|---|
| चालु खर्च अन्तर्गतका कार्यक्रमहरू | | | |
| १ | कर्मचारी तालीम खर्च | २२५११ | ५०० |
| २ | न्यायिक समिति क्षमता विकास | २२५११ | ५०० |
| ३ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २२५१२ | १५०० |
| ४ | सार्वजनिक सुनुवाइ कार्यक्रम | २२५१२ | १५० |
| ५ | बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | २२५२२ | १००० |
| ६ | युवा तथा खेलकुद कार्यक्रम | २२५२२ | २५०० |
| ७ | निर्माण सामग्री (सिमेण्ट, पोलिथिन पाईप, जिआई पाईप, ह्यूम पाईप, रड, जस्तापाता, ग्याबिन जाली, शौचालय सामग्री आदि) खरिद तथा वितरण | २२५२२ | ४००० |
| ८ | दैवी प्रकोप तथा विपद् व्यवस्थापन | २२५२२ | २००० |
| ९ | जेष्ठ नागरिक उत्थान कार्यक्रम | २२५२२ | १००० |
| १० | अपाङ्ग प्रवर्द्धन कार्यक्रम | २२५२२ | ५०० |
| ११ | उद्यम विकास कार्यक्रम | २२५२२ | १५०० |
| १२ | दलित, अल्पसंख्यक तथा मुस्लिम उत्थान कार्यक्रम | २२५२२ | २००० |
| १३ | कृषि विकास कार्यक्रम | २२५२२ | १००० |
| १४ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | २२५२२ | १५०० |
| १५ | पशुपंक्षी विकास कार्यक्रम | २२५२२ | १००० |
| १६ | महिलासंग उपमेयर कार्यक्रम | २२५२२ | २००० |
| १७ | वातावरण तथा सरसफाई कार्यक्रम | २२५२२ | १००० |
| १८ | शिक्षा विकास कार्यक्रम | २२५२२ | २००० |
| १९ | स्थानीय पाठ्यक्रम लेखन तथा छपाई | २२५२२ | १८०० |
| २० | अन्तर्राष्ट्रिय प्याराग्लाईडिंङ प्रतियोगितामा खर्च भएको मध्ये भुक्तानी गर्न बाँकी रकम भुक्तानी | २२५२२ | ७५० |
| २१ | स्वास्थ्य सम्बन्धी कार्यक्रम | २२५२२ | ३००० |
| २२ | आर्थिक सहायता तथा पुनःस्थापना कार्यक्रम | २२५२२ | १५०० |
| २३ | कोरोना व्यवस्थापन तथा प्रतिरक्षा कार्यक्रम | २२५२२ | ३५०० |
| २४ | उद्धार, राहत तथा पुनःस्थापना खर्च | २२५२२ | १५०० |

| | | | |
|---|---|---|---|
| २५ | विविध कार्यक्रम | २२५२९ | १००० |
| २६ | अध्ययन अवलोकन भ्रमण (पदाधिकारी/कर्मचारी) | २२६११ | १५०० |
| २७ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २५३१४ | १५०० |
| २८ | मदर्सा संचालन खर्च | २५३१४ | ७८० |
| २९ | अन्य संस्था सहायता | २५३१५ | १००० |
| ३० | छात्रवृत्ति | २७२११ | २२५ |
| **चालु खर्च तर्फ कार्यक्रम खर्चको जम्मा** | | | **४३७०५** |
| **प्रशासनिक खर्च** | | | **९९७६२** |
| **चालु खर्च तर्फको जम्मा** | | | **१४३४६७** |
| **पूंजीगत खर्च अन्तर्गतका कार्यक्रमहरू** | | | |
| १ | अहले सुन्नत गौशीया मदर्सा निर्माण भीरकोट न.पा. २ | ३१११२ | ९७० |
| २ | वडा कार्यालय भवन निर्माण | ३१११२ | २९१० |
| ३ | सवारी साधन | ३११२१ | ९७० |
| ४ | मेशीनरी तथा औजार | ३११२२ | १४५५ |
| ५ | फर्निचर तथा फिक्चर्स | ३११२३ | ४०७४ |
| ६ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | ३११३४ | ४८५ |
| ७ | जग्गा प्राप्ति खर्च | ३१४११ | २४२५ |
| ८ | भैपरी आउने पूंजीगत खर्च | ३१५११ | ३६८.६० |
| ९ | विरखोला पार्क निर्माण भी.न.पा. १ | ३११५९ | १९४० |
| १० | दहथुम झारखाम सडक भी.न.पा. २ | ३११५९ | १९४ |
| ११ | दहथुम क्याम्पस मार्ग निर्माण भी.न.पा. २ | ३११५९ | ४८५ |
| १२ | किरीयाघर निर्माण भी.न.पा. २, दिपेन्द्रमार्ग | ३११५९ | १९४ |
| १३ | प्रधानमन्त्री रोजगार कार्यक्रममा (बस्तुगत सहायता) भी.न.पा. २ डाँडाकोट | ३११५९ | ९७ |
| १४ | शहिद शुक्र मावि कम्पाउण्ड वाल निर्माण, भी.न.पा. ३ | ३११५९ | ४८५ |
| १५ | मुल्का बराह पर्यटन पूर्वाधार भी.न.पा. ३ | ३११५९ | २९१ |
| १६ | देउपुजे ढुंगा पर्यटन पूर्वाधार भी.न.पा. ३ | ३११५९ | ४८५ |
| १७ | गुमार्दी सामूदायिक भवन निर्माण भी.न.पा. ३ | ३११५९ | ४८५ |
| १८ | जन्तेढुंगा पर्यटन पूर्वाधार निर्माण भी.न.पा. ४ | ३११५९ | ७७६ |
| १९ | नव सिर्जना खोप केन्द्र भवन निर्माण, भी.न.पा. ५ | ३११५९ | ४८५ |
| २० | स्वरेक कोट शौचालय निर्माण भी.न.पा. ५ | ३११५९ | १९४ |
| २१ | सिमलचौर तिसेदी मोटरबाटो निर्माण भी.न.पा. ६ | ३११५९ | १४५५ |
| २२ | सुन्दरचौर पदमार्ग निर्माण भी.न.पा. ६ | ३११५९ | ४८५ |

| | | | |
|---|---|---|---|
| २३ | वडा कार्यालय कम्पाउण्ड वाल एवम् पूर्वाधार निर्माण भी.न.पा. ७ | ३११५९ | ४८५ |
| २४ | बाल वर्ष प्रावि कम्पाउण्ड वाल निर्माण भी.न.पा. ७ | ३११५९ | ४८५ |
| २५ | शिव मन्दिर निर्माण भी.न.पा. ८, खोरबार | ३११५९ | २९१ |
| २६ | कुसुण्डेखोला मोटरबाटो निर्माण भी.न.पा. ८ | ३११५९ | १९४ |
| २७ | पखेरे ओकादी सडक स्तरोन्नति भी.न.पा. ८ | ३११५९ | ४८५ |
| २८ | ठुलीभन्ज्याङ्ग सामूदायिक भवन भी.न.पा. ९ | ३११५९ | ७७६ |
| २९ | नारायणगिरी बाबा मन्दिर पर्यटन पूर्वाधार निर्माण भी.न.पा. ९ | ३११५९ | ४८५ |
| ३० | गडहरे खेलमैदान निर्माण भी.न.पा. ९ | ३११५९ | ९७० |
| ३१ | सडक पूर्वाधार निर्माण एवम् स्तरोन्नति | ३११५९ | ६७९० |
| ३२ | नगर क्षेत्रका सडक सरसफाई | ३११५९ | ४८५० |
| ३३ | मेयरसंग रोजगार कार्यक्रम | ३११५९ | १९४० |
| ३४ | नदी नियन्त्रण कार्यक्रम | ३११५९ | १४५५ |
| ३५ | शिव पार्वती मन्दिर भी.न.पा. ५ | ३११५९ | १९४० |
| ३६ | बाघभैरवी मन्दिर निर्माण भीरकोट न.पा. ७ | ३११५९ | ११६४ |
| ३७ | भीरकोट सरसफाई केन्द्रको स्तरोन्तति तथा सुधार | ३११५९ | ४८५ |
| ३८ | नगरक्षेत्र पूर्वाधार | ३११५९ | ६०१४ |
| ३९ | समपूरक कोष | ३११५९ | २२३१० |
| ४० | गत वर्षको भुक्तानी बाँकी | ३११५९ | १४५५ |
| **नगरस्तरीय योजनाको जम्मा** | | | **७४२८२.६०** |

## वडास्तरीय योजना तथा कार्यक्रमहरू

| सि.नं. | योजना तथा कार्यक्रमको विवरण | खर्च संकेत नं. | विनियोजित बजेट (रू. हजारमा) |
|---|---|---|---|
| **वडा नं. १** | | | |
| १ | विविध योजना | ३११५९ | ४८५ |
| २ | लामाचौर सिचाइ यीजना | ३११५९ | ९७ |
| ३ | हेलु वाटो | ३११५९ | ९७ |
| ४ | अलौचीखोला वाटो | ३११५९ | ९७ |
| ५ | दार्सिङ शौचालय | ३११५९ | १४५.५ |
| ६ | भन्ज्याङ खादीखोला | ३११५९ | ९७ |
| ७ | वराहकालिका गोरेटोवाटो | ३११५९ | १४५.५ |
| ८ | सार्वजनिक धारो र सडक (सिलिङ्गे) | ३११५९ | ९७ |
| ९ | करुङ मस्जित मर्मत | ३११५९ | २९१ |
| १० | वीरखोला गोरेटोवाटो | ३११५९ | ९७ |
| ११ | दार्सिङ सिचाई योजना | ३११५९ | ९७ |
| १२ | सडक वत्ती | ३११५९ | ९७ |
| १३ | स्कुल सामाग्री | ३११५९ | ९७ |
| **वडा नं. २** | | | |
| १ | फिरफरे ढुङ्गेधारा मर्मत तथा फिल्टर टंकी निर्माण | ३११५९ | १४५.५ |
| २ | झारखाम किरियार निर्माण | ३११५९ | ९७ |
| ३ | भीरकोट कालिका टोल वाटो पि सि सि तथा सिडी निर्माण | ३११५९ | ९७ |
| ४ | अंकुनावाल उद्यान, वयरघारी सपौदेटोल | ३११५९ | १४५.५ |
| ५ | खल्लुक पानी टंकी निर्माण, सपौदेटोल | ३११५९ | ४८.५ |
| ६ | वयरघारी भारथान पर्यटन पदमार्ग | ३११५९ | ९७ |
| ७ | लुहाडाँडा प्रतिक्षालय मर्मत | ३११५९ | ४८.५ |
| ८ | नालसिह मुहान टंकी निर्माण | ३११५९ | ४८.५ |
| ९ | लुहाडाँडा पानी टंकी निर्माण | ३११५९ | ४८.५ |
| १० | छहराखोला स्वारा खानेपानी पाईप | ३११५९ | ४८.५ |
| ११ | वगालेटोल चौपारी मुखिया चौपारी ग्रा.स. जानेवाटो | ३११५९ | ९७ |
| १२ | वाहाखोला पौवा निर्माण तथा डाँडावारी पाईप विस्तार | ३११५९ | १४५.५ |
| १३ | देउराली मन्दिर सार्वजनिक सौचालय निर्माण | ३११५९ | ९७ |
| १४ | लालिगुरास खेल मैदान | ३११५९ | ९७ |

| | | | |
|---|---|---|---|
| १५ | वसेक किरियाघर निर्माण | ३११५९ | ९७ |
| १६ | डाँडाकोट सिडीवाटो निर्माण | ३११५९ | १४५.५ |
| १७ | संस्कृति पर्यटन तथा खेलकुद | ३११५९ | १४५.५ |
| १८ | सपौदे खोल्सा संरक्षण | ३११५९ | ४८.५ |
| १९ | डाँडाकोट किरियाघर निर्माण | ३११५९ | ९७ |
| २० | धुर्वदेउराली खानेपानी पाइप विस्तार | ३११५९ | १४५.५ |
| **वडा नं. ३** | | | |
| १ | बजादी गोरेटो बाटो | ३११५९ | ९७ |
| २ | रानीडाँडाँ प्रतिक्षालय | ३११५९ | ९७ |
| ३ | शेरगैरा गोरेटो बाटो | ३११५९ | ९७ |
| ४ | साम्झा ठुलोपँधेरा प्रतिक्षालय | ३११५९ | ९७ |
| ५ | रयाले रिजु गोरेटोबाटो पिसिसि | ३११५९ | १४५.५ |
| ६ | रोजिखोला नौबिसे टारी ग्रामिण सडक पिसिसि | ३११५९ | १९४ |
| ७ | खुर्सानीडाँडाँ सामूदायिक भवन निर्माण | ३११५९ | ९७ |
| ८ | चण्डीदेवी गोरेटो बाटो निर्माण | ३११५९ | ९७ |
| ९ | देउराली खेलमैदान मन्च निर्माण | ३११५९ | १४५.५ |
| १० | ओल्याङ्दी ठुलोवन ग्रामिण सडक सोलिङ | ३११५९ | ९७ |
| ११ | राम्चे प्रतिक्षालय | ३११५९ | १४५.५ |
| १२ | पिपलडाँडाँ प्रतिक्षालय निर्माण, सामदी | ३११५९ | १४५.५ |
| १३ | गोकेस खत्रीगाउँ ठाडो गोरेटो बाटो | ३११५९ | ९७ |
| १४ | जनज्योती प्रावि तारबार | ३११५९ | ९७ |
| १५ | कोखे ग्रामिण सडक स्तरोन्नति | ३११५९ | ९७ |
| १६ | रोजीखोला शवदाहगृह तटबन्धन | ३११५९ | ९७ |
| १७ | विविध कार्यक्रम | ३११५९ | ९७ |
| **वडा नं. ४** | | | |
| १ | दभुङकोट फुलपाती जाने वाटो पि सि सि | ३११५९ | ९७ |
| २ | कयरामुनी टंकी निर्माण | ३११५९ | ४८.५ |
| ३ | दभुङठाँटी रानी पोखरी वाटो निर्माण विस्तार | ३११५९ | ४८.५ |
| ४ | छाङछाङदी दुभुङठाटी ग्रामिण सडक मर्मत विस्तार | ३११५९ | २४२.५ |
| ५ | छाङछाङदी खेलमैदान | ३११५९ | ९७ |
| ६ | दहथुम छाङछाङदी सिचाइ योजना मर्मत र सरसफाइ | ३११५९ | ७२.७५ |
| ७ | लिफ्टिङ सिचाइ आयोजना भुमिगत पानी संचालन | ३११५९ | १९४ |
| ८ | छाङछाङदी हटिया ग्रामिण सडक पि सि सि | ३११५९ | ९७ |

| | | | |
|---|---|---|---|
| ९ | झारखाम गैराथोक कृषि सडक स्तरोन्नती | ३११५९ | ९७ |
| १० | गैराथोक खानेपानी टंकी निर्माण | ३११५९ | ४८.५ |
| ११ | कुसुमथुम्का पार्क निर्माण | ३११५९ | ४८.५ |
| १२ | फुटकर आयोजना | ३११५९ | ७२.७५ |
| १३ | छाडछाडदी हेल्थपोष्ट फर्निचर र औजार खरिद | ३११५९ | ४८.५ |
| १४ | चामडाँडा झारडखोला लामोवाँध चौपारी गोरेटोवाटो पि सि सि | ३११५९ | ४८.५ |
| १५ | घैयाखोरिया वागदुला वाटो निर्माण | ३११५९ | ४८.५ |
| १६ | मालेवगर कुलो निर्माण | ३११५९ | ९७ |
| १७ | सिडखोला दलित वस्ती पि सि सि | ३११५९ | ९७ |
| १८ | आलेको घरमाथि वनपाला गोरेटोवाटो पि सि सि | ३११५९ | ४८.५ |
| १९ | रेग्मीको घरको पुच्छर घर जाने गोरेटोवाटो | ३११५९ | ४८.५ |
| २० | छाडछाड्दी मन्दिर व्यवस्थापन | ३११५९ | ७२.७५ |
| २१ | थापाथर टंकी निर्माण | ३११५९ | ४८.५ |
| २२ | झारखाम गैराथोक कुलो निर्माण | ३११५९ | ९७ |
| २३ | दलित वस्ती दभुङ वासवारी | ३११५९ | ७२.७५ |
| २४ | छाडछाडदी रिङरोड | ३११५९ | ४८.५ |
| **वडा नं. ५** | | | |
| १ | वडा सडक सरसफाई तथा मर्मत सम्भार | ३११५९ | ४८५ |
| २ | IPM कृषक पाठशाला संचालन | ३११५९ | १४५.५ |
| ३ | युवा तथा खेलकुद कार्यक्रम | ३११५९ | १४५.५ |
| ४ | भीरकोट ५ खानेपानी तथा सरसफाई | ३११५९ | २९१ |
| ५ | अगुवा कृषक भ्रमण | ३११५९ | ९७ |
| ६ | विविध योजना | ३११५९ | २९१ |
| ७ | सिम्ले चापपानी खोल्सा तटबन्धन | ३११५९ | १४५.५ |
| ८ | बाँझाबारी कोमलकोट सडक | ३११५९ | ९७ |
| ९ | वडा कार्यालय मिनाउदी खोला केराबारी सडक | ३११५९ | १४५.५ |
| १० | पकान फाँट कुलो सिंचाई | ३११५९ | ९७ |
| **वडा नं. ६** | | | |
| १ | सिमलचौर खेल मैदान | ३११५९ | ९७ |
| २ | घ्हारा रथ पदमार्ग | ३११५९ | ४८.५ |
| ३ | एकुवार ग्रामिण सडक | ३११५९ | ९७ |
| ४ | भण्डारखाल ग्रामिण सडक | ३११५९ | ९७ |

| | | | |
|---|---|---|---|
| ५ | भण्डारखाल खानेपानी योजना | ३११५९ | ४८.५ |
| ६ | गोदीखोला सिचाइ आयोजना | ३११५९ | ९७ |
| ७ | वासकोट भाग्योदय पुल निर्माण | ३११५९ | १९४ |
| ८ | चापटारी पदमार्ग | ३११५९ | ४८.५ |
| ९ | ढाँडे अरवेणी ग्रामिण सडक | ३११५९ | ४८.५ |
| १० | थापाथर वुढार पदमार्ग | ३११५९ | ९७ |
| ११ | आमडाँडा चौतारी निर्माण | ३११५९ | ९७ |
| १२ | डहरमाथी वरको वोट ग्रामिण सडक | ३११५९ | ४८.५ |
| १३ | पुरानो धनथान पदमार्ग | ३११५९ | ९७ |
| १४ | आहाले सालघारी पदमार्ग | ३११५९ | ४८.५ |
| १५ | डिहि फेदी फोक्सिङ कल्भर्ट निर्माण | ३११५९ | ९७ |
| १६ | नयाँचौपारी फोक्सिङ ग्रामिण सडक | ३११५९ | ५८२ |
| १७ | वालमैत्री एवं खेलकुल कार्यक्रम | ३११५९ | ९७ |
| **वडा नं. ७** | | | |
| १ | विविध योजना | ३११५९ | ५८२ |
| २ | चौतारी देखी पधेरा पदमार्ग निर्माण, कोलडाँडा | ३११५९ | ९७ |
| ३ | चौर देउजे पदमार्ग निर्माण, पासिनडाँडा | ३११५९ | ९७ |
| ४ | उजिनढुङ्गा चिहानडाँडा पदमार्ग चिउरीखर्क | ३११५९ | ९७ |
| ५ | वन्द्रुक खानेपानी टंकी निर्माण | ३११५९ | ९७ |
| ६ | वलमाटा रोटेपानी कुवा मर्मत | ३११५९ | ९७ |
| ७ | वर्तमास गहते पदमार्ग | ३११५९ | ९७ |
| ८ | पक्की डसविन निर्माण | ३११५९ | ३८८ |
| ९ | किरियापुत्री विश्राम स्थल निर्माण | ३११५९ | २९१ |
| १० | धोवादी तिवारी थर खानेपानी योजना | ३११५९ | ९७ |
| **वडा नं. ८** | | | |
| १ | छापा खानेपानी योजना | ३११५९ | ७२.७५ |
| २ | रिप खानेपानी योजना | ३११५९ | ७२.७५ |
| ३ | आगेटारी खानेपानी रिजर्व टंकी निर्माण | ३११५९ | ७२.७५ |
| ४ | मोहनडाँडा खानेपानी रिजर्व टंकी निर्माण | ३११५९ | ७२.७५ |
| ५ | दिगुवा खानेपानी धारा निर्माण | ३११५९ | ७२.७५ |
| ६ | सिमलभन्ज्याङ प्रतिक्षालय निर्माण | ३११५९ | ७२.७५ |
| ७ | ढापुक वृहत मोटरवाटो सरसफाई | ३११५९ | २९१ |
| ८ | सालीकोष मगरगाउँ देखी माथिल्लो गाउँ मोटरवाटो | ३११५९ | ७२.७५ |

| | | | |
|---|---|---|---|
| ९ | सिरुखर्क कृषि सडक | ३११५९ | ७२.७५ |
| १० | जोगिथुम गोरेटोवाटो सिडी निर्माण | ३११५९ | ७२.७५ |
| ११ | ढापुक फेदी स्वास्थ्य चौकी गोरेटोवाटो | ३११५९ | ७२.७५ |
| १२ | ओकादी युवा क्लव मन्च निर्माण | ३११५९ | १६९.७५ |
| १३ | स्याना भन्ज्याङ रिपुखोला गोरेटोवाटो | ३११५९ | ७२.७५ |
| १४ | तारुक राधाकृष्ण मन्दिर गोरेटोवाटो | ३११५९ | ७२.७५ |
| १५ | कुडहर देखी काउछे सम्मको गोरेटोवाटो | ३११५९ | ७२.७५ |
| १६ | डिहीचौपारी सालघारी गोरेटोवाटो | ३११५९ | ७२.७५ |
| १७ | सिम्ले चौपारी देखि चन्डीडाडा गोरेटोवाटो | ३११५९ | ७२.७५ |
| १८ | सिरुखर्क गोरेटोवाटो | ३११५९ | ७२.७५ |
| १९ | पव्लिक एकडमी मा वि पर्खाल निर्माण | ३११५९ | ७२.७५ |
| २० | वालमैत्री स्थानीय शासन सचेतना कार्यक्रम | ३११५९ | १४५.५ |
| २१ | विविध योजना | ३११५९ | ९७ |
| **वडा नं. ९** | | | |
| १ | चराङ कालिका सामूदायिक भवन | ३११५९ | २४२.५ |
| २ | देविस्थान सामूदायिक भवन | ३११५९ | ३८८ |
| ३ | मियाल्दी खानेपानी टंकी निर्माण | ३११५९ | १९४ |
| ४ | दर्फुका मन्दिर निर्माण | ३११५९ | १९४ |
| ५ | साउन्दी खेलमैदान पूर्वाधार निर्माण | ३११५९ | १९४ |
| ६ | कालिकाकोट स्वास्थ्य चौकी पूर्वाधार निर्माण | ३११५९ | ९७ |
| ७ | छोडाथोक गैराथोक गोरेटो बाटो पिसिसि | ३११५९ | ९७ |
| ८ | विविध योजना | ३११५९ | ५३३.५० |
| **वडास्तरीय योजनाको जम्मा** | | | **१७४६०** |
| **नगरस्तरीय तथा वडास्तरीय योजनाको कन्टिन्जेन्सी खर्च** | | | **२८३७.४०** |
| **कुल जम्मा** | | | **९४५८०** |

## शशर्त अनुदानतर्फका योजना तथा कार्यक्रमहरू

| सि. नं. | खर्च शीर्षक | दाता | मुख्य कार्यक्रम | रकम (रू. हजारमा) | विषयक्षेत्र |
|---|---|---|---|---|---|
| 1 | सशर्त अनुदान ( पुँजीगत) | नेपाल सरकार/आन्तरिक ऋण | कदङ्ग मदरसा स्तरोन्नति भीरकोट न.पा.-2 स्याङ्जा | 1000 | अन्य |
| २ | समपुरक अनुदान | नेपाल सरकार/आन्तरिक ऋण | गडहरे गुफा संरक्षण र पार्क निर्माण(क्रमागत आयोजना) | 6600 | अन्य |
| ३ | सशर्त अनुदान (चालु ) | नेपाल सरकार | गुनासो सुनुवाई अधिकारी | 100 | अन्य |
